शिक्षा क्षेत्रको योजना, २०८०–२०९०

Education Sector Plan, 2023-2033

औरही गाउँपालिका

सिरहा

हाम्रो भनाइ

राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल गर्न योजनाले मार्गदर्शन गर्दछ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो औरही गाउँपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। औरही गाउँपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना तयार गरी (२०३घ—२०२द्ध) कार्यान्वयन हुने क्रममा रहेको छ।

शिक्षा क्षेत्रको योजना यस गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्ष मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाउँपालिकाले राखेको छ। यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समितिशिक्षा , युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु।

गाउँपालिका अध्यक्ष
औरही गाउँपालिका ,सिरहा

प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरूसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

औरही गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरूद्वारा निरन्तर रूपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नु हुने औरहीगाउँपालिका तथा प्राविधिक सहयोग रुपामा सहयोग गर्ने सामाजिक विकास मन्त्रालय योजना महाशाखा र (शिक्षा)शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयप्रति धन्यवाद व्यक्त गर्दछौ।

प्रस्तुतशिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समयसमयमा - सुझाव प्रदान गरी सहयोग पुऱ्याउने-सल्लाहगाउँपालिकापरिवार , नगर शिक्षा समिति, शिक्षक पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरूप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ।

उदित कुमार कर्ण

प्रमुख प्राशसकीय अधिकृत

औरही गाउँपालिका ,सिरहा

मेरो भनाई

शिक्षामा सबैको पहुँचगुणस्तरीय शिक्षाको सुनिश्चितता ,, प्रविधिमैत्री, समान सहभागिता ,शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभाव रहित अवसर ,प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन शिक्षाका राष्ट्रिय लक्ष्य तथा ,अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरु सँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ।

औरहीगाउँपालिका शिक्षायुवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि , विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडिबढाएको छ।शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नुहुने औरहीगाउँपालिका प्रति धन्यवाद व्यक्त गर्दछौ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय ,गाउँ शिक्षा समिति ,सुझाव प्रदान गरी सहयोग पुऱ्याउने गाउँपालिका परिवार-समयमा सल्लाह- ,शिक्षाप्रेमी ,अभिभावक ,विद्यार्थी,शिक्षकका पेशागत संघ संगठन ,नेपाल शिक्षक महासंघ राजनीतिक दलतथ्याङ्क संकलनकर् ,ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा पुरुष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ।

अधिकृत रमेश नारायण शर्मा
सहायक मनोज कुमार यादव
शिक्षायुवा तथा खेलकुद शाखा ,
औरही गाउँपालिका ,सिरहा

विषयसूची

हाम्रो भनाइ..... **Error! Bookmark not defined.**

विषय प्रवेशः..... **Error! Bookmark not defined.**

परिच्छेद १..... **Error! Bookmark not defined.**

परिचय..... **Error! Bookmark not defined.**

१.१ पृष्ठभूमि ..... **Error! Bookmark not defined.**

१.२ मुख्य समस्याहरुः ..... **Error! Bookmark not defined.**

१.३ शिक्षा क्षेत्रका चुनौतीहरुः ..... **Error! Bookmark not defined.**

१.४ अवसरहरुः 10

परिच्छेद २..... **Error! Bookmark not defined.**

लक्ष्य निर्धारण ..... **Error! Bookmark not defined.**

२.१ दूरदृष्टिः ..... **Error! Bookmark not defined.**

२.२ लक्ष्यः ..... **Error! Bookmark not defined.**

२.३ उदेश्यः ..... **Error! Bookmark not defined.**

२.४ रणनीतिहरुः..... **Error! Bookmark not defined.**

२.४ कार्यनीतिः ..... **Error! Bookmark not defined.**

२.६ अपेक्षित उपलब्धिः..... **Error! Bookmark not defined.**

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः ..... **Error! Bookmark not defined.**

राष्ट्रिय.....50

परिच्छेद ३.....10

विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु 10

३.१ प्रारम्भिक बालविकास र शिक्षाः 10

३.२ आधारभूत शिक्षाः..... **Error! Bookmark not defined.**

३.३ माध्यमिक शिक्षा 10

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ 10

परिच्छेद ४..... **Error! Bookmark not defined.**

अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु 10

४.१ पाठ्यक्रम र मूल्यांकन 10

४.२ शिक्षक व्यवस्थापन र विकास 10

४.३ शैक्षिक समता र समावेशीकरणः 10

४.४ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम.....10
४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा.....10
४.६ विद्यालय भौतिक पूर्वाधार विकास.....10
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि.....10
परिच्छेद ५.....**Error! Bookmark not defined.**
सुशासन तथा व्यवस्थापन.....10
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.....10
५.३ अनुगमन तथा मूल्यांकन.....**Error! Bookmark not defined.**
परिच्छेद ६.....**Error! Bookmark not defined.**
लगानी र स्रोत व्यवस्थापन.....10
परिच्छेद ७.....**Error! Bookmark not defined.**
मुख्य उपलब्धी सूचकहरु.....**Error! Bookmark not defined.**

अनुसूचीहरु

अनुसूची १ प्रमुख उपलब्धि सूचकहरू (KPI)

अनुसूची २ नतिजा ढाँचा (Result Framework)

अनुसूची २ प्रमुख क्रियाकलाप, लक्ष्य तथा बजेट अनुमान

सन्दर्भ सामग्रीहरूको सूची

तालिकाहरुको सूची

तालिका १.१ मध्यकालीन खर्च संरचना प्रक्षेपण (सन् 2024-2033)..... **Error! Bookmark not defined.**
तालिका १.२ उमेर समूहमा जनसंख्याको वितरण १६
तालिका १.३ जातीयताको आधारमा जनसंख्याको वितरण ..... **Error! Bookmark not defined.**
तालिका १.४ मातृभाषाको आधारमा जनसंख्याको वितरण ..... **Error! Bookmark not defined.**
तालिका २.१ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य ..... **Error! Bookmark not defined.**
तालिका ३.१ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ... **Error! Bookmark not defined.**
तालिका ३.२ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ..... **Error! Bookmark not defined.**
तालिका ३.३ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ..... **Error! Bookmark not defined.**
तालिका ३.४ उच्च शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य..... ७७
तालिका ३.५ पाठ्यक्रम तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ..... **Error! Bookmark not defined.**
तालिका ३.६ शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य **Error! Bookmark not defined.**
तालिका ३.७ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**Error! Bookmark not defined.**
तालिका ४.१ शैक्षिक समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य..... **Error! Bookmark not defined.**
तालिका ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**Error! Bookmark not defined.**

तालिका ४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**Error! Bookmark not defined.**
तालिका ४.४ परिस्थितिजन्य शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ..... **Error! Bookmark not defined.**
तालिका ४.५ विद्यालय भौतिक पूर्वाधार विकासकाप्रमुख क्रियाकलापहरू तथा लक्ष्य ... **Error! Bookmark not defined.**
तालिका ४.६ शिक्षामा सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ..... **Error! Bookmark not defined.**
तालिका ५.१ संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलाप र लक्ष्य ..... **Error! Bookmark not defined.**
तालिका ५.२ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलाप र लक्ष्य..... **Error! Bookmark not defined.**
तालिका ६.१ विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा)..... **Error! Bookmark not defined.**
तालिका ६.३ नेपालमा प्रति विद्यार्थी लगानीको तुलनात्मक अवस्था..... **Error! Bookmark not defined.**
तालिका ६.६ कुल गार्हस्थ उत्पादनका आधारमा स्रोतको आँकलन ..... **Error! Bookmark not defined.**
तालिका ६.७ विद्यालय क्षेत्रअन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट .... **Error! Bookmark not defined.**
तालिका ६.८ योजनाको लागि अपुग स्रोतको वार्षिक विवरण ..... **Error! Bookmark not defined.**
तालिका ६.९ योजनाका लागि अपुग स्रोतका लागिअपेक्षित सहायताको अनुमान ११८

योजनाको सारंश

१। बिषय प्रवेश

स्थानीय तहको शैक्षिक सेवाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । औरहीगाउँपालिकोविद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** निर्माण गर्न लागिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भै रहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि ७५३ वटै स्थानीय तहहरूले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी स्थानीय स्तरमा शिक्षा योजना निर्माण गर्नु पर्ने आवश्यकता महसुस गरि यस औरहीगाउँपालिकाले स्थानीय तहको शिक्षा योजना निर्माण गरिएको छ।

२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरुलाई संघीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभुत तथा माध्यमिक तहको लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानहरुलाई कार्यान्वयन गर्नको लागि लक्ष्मीपुर पाटारी गाउँपालिकाले स्थानीय तहहरुले शिक्षा योजना

निर्माण र कार्यान्वयन गर्न लागिएको छ । विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** तयार गरेको छ । यसै आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा यस लक्ष्मीपुर पाटारी गाउँपालिकाले स्थानीय तहहरूले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नु पर्ने आवश्यकतालाई महशुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकास गरिएको हो ।

३। स्थानीय तहमा योजना निर्माणको औचित्य

३.१ तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न

३.२ सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

३.३ कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

३.४ साझा विषयमा लागत साझे दारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

३.५ शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष् ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन

४। शिक्षा योजना निर्माणका आधार

यस गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाएको छ :

४.१ नेपालको संबिधान

४.२ सोह्रौं आवधिक योजना

४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ४.४ सङ्घ, प्रदश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

४.५ अनिवार्य तथा निःशलुक शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

४.६ विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

४.७ शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

४.८ विद्यालय शिक्षामा समता रणनीति

४.९ दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा

४.१० स्थानीय तहको योजना तर्जुमा र्जु दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

४.११ स्थानीय तहको मध्यमकालीन खर्च संरचना

४.१२ राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

४.१३ विद्यालय सधुार योजना र अन्य सरकारी र गै रसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

५। शिक्षा योजना निर्माण प्रक्रिया

यस औरही गाउँपालिकाको स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा शिक्षा समितिको सगभागिता र योजना निर्माण मस्यौदा समिति तयार गरि समितिमा स्थानीय तहको शिक्षा हेर्ने प्रमुखलाई अनिवार्य रूपमा समावेश गरिएको छ। यस अतिरिक्त आवश्यकता अनुसार सम्बन्धित बिषय क्षेत्रको विज्ञ तथा प्राविधिकहरुलाई) कलेज ,विद्यालय वा अन्य व्यक्तिहरुबाट (आमन्त्रित गर्न सकिने छ । योजना निर्माण समितिलाई सहजीकरण र जिम्मेवार बनाउन लिखित कार्य विवरण दिन सक्रे छ ।

६। योजना लेखाजोखा

यस गाउँपालिकाको स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि विश्वसनीय ,दिगो र लगानी योग्य छ या छैन भन्नका लागी योजनाको विभिन्न पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ ,जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका बिभिन्न बिषय क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गर्नु पर्दछ ।

यस पालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्न योजनाको सबलता ,प्रासंगिकता, सुसंगतता र विश्वसनीयता ,आदि पक्षहरु हेरिन्छन्। यो योजनाको लेखाजोखा प्रक्रिया औरहीगाउँपालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामूलक हुनेछ । यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श) योजना निर्मार्ण समिति ,प्राबिधिक समितिहरूसँग बैठक(, प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता, र खासखास मुद्दा तथा समस्या रहेका वडा , गाउँ ,समुदाय तथा बिद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा ,भरपर्दो जानकारीहरुको विश्लेषण) जसलाई विज्ञहरूले प्रमाणित र क्रस-चेक गर्न आवश्यक छ(समावेश गरिनेछ । लेखाजोखा प्रक्रिया सकेपछि सोबाट प्राप्त पृष्टपोषण तथा निष्कर्षहरूलाई योजनालाई अन्तिम रूप दिन उपयोग गर्नु पर्दछ 1 यस अतिरिक्त योजनालाई अन्तिम रूप दिनुपूर्व लेखाजोखाबाट प्राप्त सिफारिसहरूको प्रमाणीकरण कार्यशाला आयोजना गर्नु राम्रो हुन्छ ।

७। योजना दस्तावेजको स्वरूप

स्थानीय तहको यस योजनाको स्वरूपलाई तल भए बमोजिमको ढाँचाभित्र रही तयार गर्नुपर्दछ ।

स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा

विषय प्रवेश

शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा योजना निर्माण प्रक्रिया

परिच्छेद १ : परिचय

११. पृष्ठभूमि

१२. मुख्य समस्याहरुः

१३. शिक्षा क्षेत्रका चुनौतीहरुः

१४. अवसरहरुः

परिच्छेद २ : लक्ष्य निर्धारण

२१. दूरदृष्टि

२२. लक्ष्य

२३. उदेश्य

२४. रणनीतिहरु

२.५ कार्यनीति

२६. अपेक्षित उपलब्धि

२७. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

३१. प्रारम्भिक बालविकास र शिक्षा

३२. आधारभूत शिक्षा

३३. माध्यमिक शिक्षा

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

३.५ अन्य उपक्षेत्रहरू (प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, आदि)

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

४.२ शिक्षक व्यवस्थापन रविकास

४.३ शिक्षामा समता र समावेशीकरण

४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

विद्यालय सुरक्षा

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

५१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

५२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

अनुगमन तथा मूल्याङ्कन

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

परिच्छेद १
परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधान, (जारी २०७२) ले संघीय गणतन्त्र अन्तर्गत राज्य व्यवस्था संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना अनुरुप क्रियाशील रहेका छन्। उक्त संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरु स्थापित गरेको छ। उक्त संवैधानिक शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ।

नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्ध देखि प्रयास हुँदै आएको पाइएता पनि व्यवस्थित रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ। यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना २०३२-२०२८)), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरु तयार गरी कार्यान्वयन भइसकेका र हुने क्रममा छन्। यसका अलवा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागू भएका छन्। जस अन्तर्गत रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना २०५६ दोश्रो २०४९ पहिलो)), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०६५-२०५९), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००८-२००३), सामुदायिक विद्यालय सहयोग कार्यक्रम(२०६६-२०५९) , व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना -२०६८) का साथै (२०७२सबैका लागि शिक्षा कार्यक्रम२००१ सन्) -२०१५(, सहश्राब्दी विकास लक्ष्य (२०१५-२०००), दीगो विकासका लागि शिक्षा कार्यक्रममा उल्लिखित उद्देश्य (२०३०-२०१५)

२००९ सन्) एवम् सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना-२०१५(, विद्यालय क्षेत्र विकास योजना को समाप्तिसँगै (२०२२-२०१६)औरहीगाउँपालिकाले शिक्षा क्षेत्रको योजन◌ा (Eduction Sector Plan -ESP) आगामी १० वर्षे शिक्षा विकासको दृष्टिकोण सहित सन् २०२२०३3-4 का लागि तयार गरेको छ।

१.१ वर्तमान अवस्था

नेपालमा २०५२ देखि २०६२ चलेको सम्म ६३/द्वन्द्व पश्चात वि सभाबाट संविधान को २०७० .सं.

संविधान गणतन्त्रात्मक लोकतान्त्रिक संघीय(२०७२संघ भई जारी (, प्रदेश र स्थानीय तहको कानुनी तथा व्यवस्थापकीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन २०७४ सँगै औरही गाउँपालिकामा पनि निर्वाचित स्थानीय सरकार गठन भएको हो। यो पालिकाले यस अवधिमा शैक्षिक, भौतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षेत्रमा केही प्रगति हासिल गरेको छ।

यस गाउँपालिकामा साविकका ५ वटा गा.वि.स.हरु सामवेश भई ५ वटै वडा निर्धारण गरिएका छन । गाउँपालिकाको केन्द्र वडा नं.५ औरहीबाट उत्तर वडा नं.३ पिप्रा र वडा नं.२ तुलसिपुर पर्दछ भन्ने पुर्व तर्फ वडा नं.१ हरकट्टी पश्चिममा वडा नं. ४ इटाटार र दक्षिण तिर भारतको सिमाना पर्दछ । सबै तिरबाट सुगम र नजिक पर्ने एतिहासिक स्थल औरहीमा गाउँपालिकाको केन्द्र सान्दार्भकि देखिन्छ।

औरही गाउँपालिकको कूल क्षेत्रफल ३५.७ वर्ग किलोमिटर छ। यो पालिकाको सिमाना दक्षिणमा भारतको सिमाना गा.पा. पूर्वमा बरयारपट्टी गा.पा. , उत्तरमा सुखिपुर न.पा. र पश्चिममा अर्नमा गाउँपालिका र सिरहा न.पा. रहेको छ। यसलाई प्रशासनिक रुपमा ५ वटा वडाहरुमा विभाजन गरीएको छ। यस औरही गाउँपालिकाको केन्द्र सबै वडाहरुलाई सुगम हुनेगरी वडा नं. ५ औरहीमा अवस्थित छ । यो गाउँपालिका भु-भागहरु खेतियोग्य र समथर छन् ।

औरही गाउँपालिकाको कूल जनसंख्या २६४७८ जना रहेको छ जसमा पुरुषको संख्या १३१६६ जना ४९.७%महिलाको संख्या १३३१२ जना ५०.३% जसमा महिलाके जनसंख्या लैगिक अनुपात ९८.९० रहेको छ।

(क) भौगोलिक अवस्थितिको विश्लेषण

यस गाउँपालिकामा साविकका ५ वटा गा.वि.स.हरु सामवेश भई ५ वटै वडा निर्धारण गरिएका छन । गाउँपालिकाको केन्द्र वडा नं.५ औरहीबाट उत्तर वडा नं.३ पिप्रा र वडा नं.२ तुलसिपुर पर्दछ भन्ने पुर्व तर्फ वडा नं.१ हरकट्टी पश्चिममा वडा नं. ४ इटाटार र दक्षिण तिर भारतको सिमाना पर्दछ । सबै तिरबाट सुगम र नजिक पर्ने एतिहासिक स्थल औरहीमा गाउँपालिकाको केन्द्र सान्दार्भकि देखिन्छ।

औरही गाउँपालिकको कूल क्षेत्रफल ३५.७ वर्ग किलोमिटर छ। यो पालिकाको सिमाना दक्षिणमा भारतको सिमाना गा.पा. पूर्वमा बरयारपट्टी गा.पा. , उत्तरमा सुखिपुर न.पा. र पश्चिममा अर्नमा गाउँपालिका र सिरहा न.पा. रहेको छ। यसलाई प्रशासनिक रुपमा ५ वटा वडाहरुमा विभाजन गरीएको छ। यस औरही गाउँपालिकाको केन्द्र सबै वडाहरुलाई सुगम हुनेगरी वडा नं. ५ औरहीमा अवस्थित छ । यो गाउँपालिका भु-भागहरु खेतियोग्य र समथर छन् ।

(ख) जनसाङ्ख्यिक सरंचनाको विश्लेषण

औरहीगाउँपालिकाको कूल जनसंख्या २६४७८ जना रहेको छ जसमा पुरुषको संख्या १३१६६ जना)४९.७(%, महिलाको संख्या १३३१२ जना)५०.३रहेको छ। महिलाको भन्दा पुरुषको (% जनसंख्याट८५ 5जना)६.५६ ले बढी (%देखिन्छ। यहाँको लैङ्गिक अनुपात ९८.९० छ
विभिन्न उमेर समूहको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १.१: मध्यकालिन खर्च संरचना प्रक्षेपण (सन् २०२०/२०२३)

	2015/16	2016/17	2017/18	2018/19	2019/20	MTEF 2020/2023 (प्रक्षेपण)		
						2020/21	2021/22	2022/23
कुल गार्हस्थ उत्पादन (हालको मूल्य रु. अरबमा)	2,253.2	2,674.5	3,044.9	3,458.8	3,767.0	4,312.9	5,024.3	5,837.0
% आर्थिक वृद्धि	0.6	8.2	6.7	7.0	2.3	7.0	9.9	9.6
% मूल्य वृद्धि	5.2	9.7	6.7	6.2	6.5	7.0	6.0	6.0
प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.)	79,500	93,100	104,600	117,300	126,000	142,000	163,400	187,600
% प्रतिव्यक्ति कुल	-0.8	6.8	5.3	5.6	0.9	5.3	8.6	8.3

गार्हस्थ उत्पादनमा वृद्धि (स्थिर मूल्यमा)								

स्रोतः NPC, 2020a.

यो प्रक्षेपण कोभिडको माहामरीले रोजगारी र उत्पादनमा आएको ह्रासलाई गति लिन लाग्ने समयलाई विचार गर्दा यसमा प्रक्षेपण गरिएको आगामी तीन वर्षको आर्थिक वृद्धिदर महत्त्वाकांक्षी देखिन्छ । राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) करिब २५ प्रतिशत वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणमा आधारित भएको तर कोभिड–१९ का कारण वैदेशिक रोजगारीमा कमी आउन सक्ने आकलन छ भने नेपालमा पनि विभिन्न पर्यटनलगायत क्षेत्रमा अपेक्षित गतिमा आर्थिक वृद्धि हुन सक्नेमा विश्वस्त हुने आधार नभएकाले यो प्रक्षेपणलाई कोभिड पछिको अवस्थाको विश्लेषणका आधारमा पुनरालवलोकन गर्नु पर्ने देखिन्छ ।

सरकारको आम्दानी र खर्चको अन्तर यो वर्ष ६.५ प्रतिशत रहेको छ भने आगामी तीन वर्षका लागि ९ देखि १० प्रतिशतको अन्तर प्रक्षेपण गरिएको छ । यस वर्ष कर तथा गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको २२ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः २३.५ २४.१ र २४.५ प्रक्षेपण गरिएको छ । त्यसै गरी यस वर्ष कुल खर्च कुल गार्हस्थ उत्पादनको २८.५ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः ३४.२ ३३.८ र ३३.५ प्रक्षेपण गरिएको छ (NPC, 2020a)।

उल्लिखित समग्र आर्थिक परिसूचकको अवस्थाका साथसाथै यसको वितरण हेर्ने हो भने विभिन्न असमानता पाइन्छन् । यसमा प्रदेशगत असमानता उल्लेख्य रहेको छ । उदाहरणका लागि वागमती प्रदेशमा जनसङ्ख्या (२०.९%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै उच्च छ (३५.८%) भने मधेश प्रदेशमा जनसङ्ख्या (२०.४%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै न्यून छ (१३.८%) । अरु पाँचअओटै प्रदेशहरूमा जनसङ्ख्याको अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत कम रहे पनि मधेश प्रदेशको तुलनामा फरक भने कम रहेको छ । यसमा पनि गण्डकी प्रदेश र कोशी प्रदेशमा यो भिन्नता अन्य तीन प्रदेशको तुलनामा कम रहेको छ । त्यसै गरी धनी र गरिब बिचको आयमा रहेको ठूलो भिन्नताले उच्च आय हुने माथिल्लो १०% सँग ४० % को हाराहारीमा र न्यून आय हुने तल्लो ५०% सँग करिब २०% मात्र आम्दानी रहेको पुष्टि गर्दछ (https://wid.world/country/nepal/ ।

माथि उल्लेख गरी झैं यस पालिकाको समग्र आर्थिक गतिबिधि र सोका परिसूचकहरुलाई बिश्लेष्ण गर्दा.....

क) कृषि योग्य भुमि र उत्पादन

सिंचाइः

सिचाई, प्रमुख बाली, बालीचक्र, बाली लगाउने समय सम्वन्धी विवरण

कृषि

तालिका..... सिंचाई सुबिधा

उपलब्ध सुबिधा	हेक्टर
कुल खेतीयोग्य जमिन	
सतह सिंचाई	
भूमिगत सिंचाई	
कुल सिँचाइ क्षेत्र	
सिँचाइ नभएको क्षेत्र वर्षामा निर्भर हुने क्षेत्र	

स्रोत:

तालिका:... सिंचाईका प्रमुख स्रोत तथा योजनाहरु

प्रमुख स्रोत/योजना	स्थान	सिंचित क्षेत्र (हेक्टरमा)

स्रोत:

.....

ख) प्रमुख खेती र उपयोग

ग) पशुपालन

घ) उधोगहरू

ङ) प्राकृतिक स्रोत तथा सम्पदा (बन जङ्गल, जडिबुटी.....)

च) पर्यटन

छ).....

तालिका १.२उमेर समूहमा जनसंख्याको वितरण

औरहीगाउँपालिकाको कूल जनसंख्या 26748 जना रहेको छ जसमा पुरुषको संख्या १५०६८ जना)४८.४१(%, महिलाको संख्या १६०५० जना)५१.५९रहेको छ। महिलाको भन्दा पुरुषको (% जनसंख्याट८५ 5जना)६.५६ ले बढी (%देखिन्छ। यहाँको लैङ्गिक अनुपात १०.६ छ

विभिन्न उमेर समूहको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ।

उमेर समूह	जनसंख्या	कैफियत
०-४ वर्ष	३०२७	
५-९ वर्ष	३१७५	
१०-१४ वर्ष	२८६०	
१५-५४ वर्ष	१३९०५	
५५-७५+ वर्ष	३२९४	

१.२.३ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप (Geographical Background and Demographic Characteristics/Structure)

१.२.३.१ भौगोलिक पृष्ठभूमि (Geographical Background)

१.२.३.२ भौगोलिक अवस्था

१.२.३.३ नदीनाला

१.२.३.४ हावापानी

१.२.३.५ प्राकृतिक बिपत र तिनको सम्भावना

१.२.३.६ प्राकृतिक स्रोत एवं विशेषता

१.२.३.७ .....

१.२.४ पूर्वधार र विकास

क) स्वास्थ्य सेवा

ख) खानेपानी

ग) विधुत

घ) यातायत/हवाई मार्ग

ङ) सूचना/संचार/हुलाक/पत्रपत्रिका, इन्टरनेट सेवा

ङ) बैंकिंग सेवा

१.२.५ ऐतिहासिक पृष्ठभूमि (Hisorical Background)

क) ऐतिहासिक अवस्था

ख) पर्यटकीय एवं ऐतिहासिक विशेषता

ग) सामाजिक अवस्था

घ) सामाजिक तथा सांस्कृतिक विशेषता

ङ) चाडपर्व/जात्रा र अन्य संस्कृतिहरू

च) प्रमुख जातजाती, जनजातिहरू, पिछडा बर्ग,.....

तालिका... प्रमुख जातजातीहरू

जाति	जनसंख्या	प्रतिशत	कैफियत
यादव	१३०२४	४९.२%	
मुसहर	१४७३	५.३%	
चमार/हरिजन/राम	१४३२	५.४%	
सुदी	११२५	४.२%	
मुसलमान	९९५	३.८%	
तेली	९६६	३.६%	

तत्मा/तत्वा	८४७	३.२%	
दनुवार	८०४	३%	
दुसाद/पासवान/पसी	७९६	३%	
ब्रामण	७४३	२.८	
कूल जम्मा	२६७४८	१००	

प्रस्तुत तालिकाको जातीयताको आधारमा जनसंख्या अध्ययन गर्दा यस पालिकामा यादवको जनसंख्या सबैभन्दा बढी ४९.२५.१% प्रतिशत र अन्य जातिको जनसंख्या सबैभन्दा

.२ कम४९प्रतिशत रहेको छ। तथ्याङ्कको आधारमा औरही गाउँपालिका जनजातिको बाहुल्यता रहेको देखिन्छ।

स्रोत Census,2078

तालिका... भाषागत जनसंख्या

जाति	जनसंख्या	प्रतिशत	कैफियत
मैथिली	२६२०५	९९%	
उर्दु		०.७	
नेपाली		०.०१%	
हिन्दी		०.०२%	
कूल जम्मा	२६७४८	१००	

मातृभाषाको आधारमा जनसंख्याको आकारलाई विश्लेषण गरेर हेर्दा यस पालिकामा मैथली मातृभाषीहरुको जनसंख्या सबैभन्दा बढी %९९ प्रतिशत र नेपाली मातृभाषीको जनसंख्या सबैभन्दा कम ०१.० प्रतिशत रहेको छ। मातृभाषाको आधारमा यो गाउँपालिका मैथली मातृभाषीको बाहुल्यता रहेको तथ्याङ्कले देखाउँछ।

स्रोत पालिका स्तरीय पाश्र्वचित्र, २०७८

तालिका... प्रमुख धर्मावली अनुसारको जनसंख्या

भाषा	जनसंख्या	प्रतिशत (जम्मा जनसंख्यामा)

(ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

औरहीगाउँपालिकाको सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ बसोबास गर्ने जातिहरु मध्ये सबै भन्दा बढी यादव (६२०६) र सबैभन्दा कम राई(१४) रहेको छ ।सम्रगमा तत्मा/तत्वा , मुस्लिम , तेली , दनुवार , चमार/हरिजन/राम , थारु , धानुक धोबि , केवत , खत्वे ,, मल्लाह, मुसहर, हलुवाई, दुसाद/पासवान/पासी, सुढी, हजाम/ठाकुर, तराई अन्य, बरही, सोनार, कथबनियाँ, कर्मी, बाँतर/सरदार, कल्वार, राजधोब, सुनुवार, क्षेत्री, बंगाली, संयासी, नेवार, ब्राहमिन—पहाडी, माली, क्यास्थ, कामी, डोम, मोझि, कोइरी/कुसुवाहा, ब्राहमिन—तराइ, दमाइ/धोली, राइ अन्य आदी । यहाँ मैथलीउर्दु ,, थारु, दनुवार, नेपाली, माघी, सुनुवार, भोजपुरी, नेवार, राइ आदी भाषा बोलिन्छन्। यो स्थानीय तहमा हिन्दू, इसलाम ,बौद्ध, क्रिश्चियन धर्मावलम्बीहरु बसोबास गर्छन् भने उनीहरुले दशैं, तिहार, चण्डी, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, ईदजस्ता चाडपर्वहरु मान्ने गर्दछन्। यस पालिकाभित्र रहेका बहुविशेषताहरुबीचमा एकीकरण भएको अवस्था छ। अनेकताबीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भाव, सहयोग, सहकार्य, सहअस्तित्व-, सहिष्णुता, मेलमिलाप कायम भएको छ।

(घ) आर्थिक अवस्थाको विश्लेषण:

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुऱ्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन औरहीगाउँपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिडले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ। १९-

छ) जनसाङ्ख्यिक स्वरूप

जनसाङ्ख्यिक स्वरूप र प्रबृत्ति (जन्म दर, बसाई सराई, सुकुम्बासी, सरणार्थी, घुमन्ते/फिरन्ते.....)

लैंगिक, अपाङ्गता र बिशेष जातजाती

तालिका..... २०६८ मा र २०७८ को कुल जनसंख्या

उमेर समूह	जनसङ्ख्या जम्मा जनसङ्ख्यामा प्रतिशत		
	२०७८		जनसङ्ख्या वृद्धि दर
०-४ वर्ष	3027	९%	१.३३
५-९ वर्ष	3175	८.३%	
१०-१४ वर्ष	2860	८.५%	
१५-१९ वर्ष	2534	८.९%	
२०-२४ वर्ष	2401	१०.५%	
२५-२९ वर्ष	2104	१२.%	
३०-३४ वर्ष	1621	१६.%	
३५-३९ वर्ष	1607	१३.७%	
४०-४४ वर्ष	1290	२१.१%	
४५-४९ वर्ष	1216	२१.१%	
५०-५४ वर्ष	1132	२४.९%	
५५-५९ वर्ष	854	२८.६%	
६०-६४ वर्ष	864	३१.२७%	
६५-६९ वर्ष	753	३३.३%	
७०-७४ वर्ष	564	४७.५%	
७५-७९ वर्ष	259	१७%	
८०-८४ वर्ष	118	४१%	
७५-७९ वर्ष	52	१७%	

८०+ वर्ष	22	१६%	
जम्मा	२६७४८		

स्रोतः Census 2078

तालिका .....२०७८ र २०८६ सम्मको प्रक्षेपित बिद्यालय र अन्य उमेर समुहको जनसंख्या (जम्मामा)

उमेर समूह	२०७८ को जनगणना	प्रक्षेपित जनसंख्या (जम्मामा)							
		२०८०	२०८१	२०८२	२०८३	२०८४	२०८५	२०८६	२०८७
३	३९४	३९९	४०५	४१०	४१५	४२१	४२७	४३२	४३८
४	३७४	३७९	३८४	३८९	३९४	४००	४०५	४१०	४१५
५	४३३	४३९	४४५	४५०	४५७	४६३	४६९	४७५	४८१
५-९	१,७२०	१,७४४	१,७६६	१,७८९	१,८१५	१,८३८	१,८६२	१,८८६	१,९११
१०-१२	१,०८२	१,०९६	१,११०	१,१२६	१,०८२	१,०९६	१,११०	१,१२६	१,०८२
५-१२	२,७०६	२,७४३	२,७७८	२,८१५	२,८५५	२,८९०	२,९२९	२,९६८	३,००७
१३-१४	५२२	५२९	५३५	५४३	५५०	५५७	५६४	५७३	५८०
१५-१६	५५६	५६४	५७१	५७९	५८६	५९४	६०२	६१०	६१८
१३-१६	१,०७८	१,०९३	१,१०६	१,१२२	१,१३६	१,१५१	१,१६६	१,१८३	१,१९८
५+									

	११,४८७	११,६४०	११,७९५	११,९५१	१२,११०	१२,२७१	१२,४३५	१२,६००	१२,७६८
१५-२४	२,४३७	२,४६९	२,५०२	२,५३६	२,५६९	२,६०३	२,६३८	२,६७३	२,७०९
१५+	८,२५९	८,३६९	८,४८०	८,५९३	८,७०७	८,८२३	८,९४०	९,०५९	९,१८०
जम्मा									

ज) जनसङ्ख्या प्रबृत्ति (बसाई सराई र यसको प्रभाव)

कुल क्षेत्रफल ३५.८ वर्ग किलोमिटर रहेको भूपरिवेष्ठित नेपालको भूगोल र हावापानीमा विविधता छ । पूर्व–पश्चिमको औसत लम्बाइ करिब ८८५ किमि र उत्तर–दक्षिणको चौडाइ करिब १४५ देखि २४१ किमि रहेको छ भने उत्तरतिरबाट क्रमशः दक्षिणतिर पूर्वदेखि पश्चिमसम्म फैलिएका तीन भौगोलिक क्षेत्र हिमाल, पहाड र तराई रहेका छन् । यी तीन भौगोलिक क्षेत्रमध्ये हिमाल, पहाड र तराईमा क्रमशः १५, ६८ र १७ प्रतिशत जति भूभाग रहेको छ भने जनसङ्ख्या क्रमशः ६.७३, ४३ र ५०.२७ प्रतिशत रहेको छ । हिमाल र पहाडबाट तराई तथा सहरी क्षेत्रमा बसोबास गर्ने प्रवृत्ति बढिरहेले पालता बस्ती भएका हिमाली र पहाडी क्षेत्र झन पातलिदै गएका छन् भने तराई तथा सहरी क्षेत्रमा जनघनत्व बढिरहेको छ । भौगोलिक स्वरूप र हावापानीमा भिन्न रहेका यी तीन क्षेत्रमध्ये हिमाली क्षेत्रमा ज्यादै चिसो हुने र कतिपय स्थानमा हिउँसमेत पर्ने भएकाले यस्ता स्थानमा यो अवधिमा जनजीवन ठप्प हुने गर्दछ । तराईको समथर भूभागमा भने गर्मि समयमा ४४° सेल्सियसम्म तापक्रम पुगी अत्यधिक गर्मि हुने गर्दछ । अधिकांश पहाडी क्षेत्रमा भने मध्यम तापक्रम हुने गर्दछ । हिमाली र पहाडी क्षेत्रमा कठिन भूबनोटका कारणले यातायात, सञ्चारलगायतका विकास तथा जनजीवनमा थप जटिलता उत्पन्न हुने गर्दछ । नेपालको संविधान बमोजिमका सात प्रदेशहरूमा एक वा एकभन्दा बढी भौगोलिक क्षेत्रका भूभागहरू समावेश गरिएको छ । उदाहरणका लागि प्रदेश २ मा तराई क्षेत्रमात्र पर्दछ, गण्डकी प्रदेशमा पहाड र हिमाल पर्दछन्, लुम्बिनी प्रदेशमा तराई र पहाड रहेका छन् भने बाँकी चार प्रदेशमा तराई, पहाड र हिमाल तीनओटै क्षेत्र समावेश भएका छन् ।

जनसाङ्ख्यिक बनोटको कुरा गर्दा सन् २०११ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २.६५ करोडको हाराहारीमा र जनसङ्ख्या वृद्धिदर १.३ प्रतिशत प्रतिवर्ष रहेको छ । यो

जनसङ्ख्या वृद्धिदरका आधारमा प्रक्षेपण गर्दा नेपालको अहिलेको जनसङ्ख्या करिब ३ करोड हुन आउँछ ।यसमा महिलाको जनसङ्ख्या करिब ५१.५ प्रतिशत रही पुरुषको भन्दा करिब ३ प्रतिशतले बढी रहेको छ । विभिन्न उमेर समूहमा जनसङ्ख्याको वितरण निम्नअनुसार रहेको छ ।

उल्लिखित तालिकाअनुसार ४ देखि १६ वर्षको विद्यालय उमेरमा करिब ३२.५ प्रतिशत जनसङ्ख्या रहेको छ भने ४ वर्य मुनीको जनसङ्ख्या करिब ७.५ प्रतिशत र ६५ वर्ष भन्दा बढी उमेरको जनसङ्ख्या करिब ४.३ प्रतिशत रही बाँकी करिब ५५.७ प्रतिशत जनसङ्ख्या मात्र आर्थिक रूपले सक्रिय हुनसक्ने १७ देखि ६० वर्षमा रहेको छ । प्रदेशगत रूपमा जनसङ्ख्याको वितरणा हेर्दा नेपालको कुल जनसङ्ख्याको प्रदेश १ मा १७.१ प्रतिशत, २ मा २०.४ प्रतिशत, वागमतीमा २०.९ प्रतिशत, गण्डकीमा ९.१ प्रतिशत, लुम्बिनीमा १७.० प्रतिशत, कर्णालीमा ५.९ प्रतिशत र सुदूरपश्चिममा ९.६ प्रतिशत जनसङ्ख्या रहेको छ ।

हालको जनसङ्ख्या वृद्धिदरका आधारमा वार्षिक रूपमा वृद्धि हुने विद्यालय उमेरका बालबालिकाको सङ्ख्यालाई विचार गरेर शैक्षिक योजना विकास गर्नु आवश्यक छ भने भौगोलिक बनावट र जनसाङ्ख्यिक स्वरूपले शिक्षालगायत विकास कार्यमा प्रभाव पार्ने भएकाले यसलाई योजना निर्माणको क्रममा एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा लिने गरिन्छ ।

१.२ पालिकाको शैक्षिक सन्दर्भ

(ङ) शैक्षिक अवस्थाको विश्लेषण:

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५वर्षको निःशुल्क र अनिवार्य ८ वर्ष उमेर समूहका लागि १२-वर्षको निःशुल् ४ वर्ष उमेर समूहका लागि १६-१३ आधारभूत शिक्षा रक माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन्। यसै गरी औरहीगाउँपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन्। यस खण्डमा औरहीगाउँपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि

तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ।

नीतिगत प्रवन्ध

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ। उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, आर्थिक रुपले विपन्न र अपाङ्गता भएकालाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसै गरी आधारभूत शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ले प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकार कार्यहरु प्रदान गरे अनुरुप/औरहीगाउँपालिकाले शिक्षा क्षेत्रको गाउँ शिक्षा योजना र शिक्षा पाश्र्वचित्र निर्माण तथा कार्यान्वयन लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

उपलब्धिको अवस्था

औरहीगाउँपालिकामा १७ वटा सामुदायिकवटा धार्मिक ५ , र ५ वटा संस्थागत गरी जम्मा २७ वटा विद्यालयहरु छन्। पालिका स्तरीय शिक्षा पाश्र्वचित्र अनुसार प्रारम्भिक बालविकास शिक्षामा अनुभव लिई कक्षा १ मा नवप्रवेशी प्रतिशत ६४.८० रहेको छ। कक्षा १ मा कूल र खुद भर्ना दर क्रमशः १२७.५ र ९0.8 रहेको छ। आधारभूत तह १ कक्षा)-५१ को कूल भर्ना दर (१९.५, खुद भर्ना दर 9६.७, लैङ्गिक समता सूचक 1.03, शिक्षक विद्यार्थी अनुपात 49:1 रहेको छ। आधारभूत तह ६ कक्षा)-८1 को कूल भर्ना दर (०९8., खुद भर्ना दर ८9.८, लैङ्गिक समता सूचक 1.19, शिक्षक विद्यार्थी अनुपात 130:1 , कक्षा ८ को टिकाउ दर ९०.५, कक्षा ८ को उतीर्णदर ७९.७ प्रतिशत रहेको छ ।माध्यमिक तह ९ कक्षा)-१० को कूल भर्ना दर (1१0.७, खुद भर्ना दर 6४.५, लैङ्गिक समता सूचक 0.86 , शिक्षक विद्यार्थी अनुपात 86:1 , कक्षा १० को टिकाउ दर 6०.५ रहेको छ।

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन

विद्यालय क्षेत्र विकास योजना ले विभिन्न शिक्षा सम्बन्धी योजना तथा (२०७८-२०७३) कार्यक्रमहरु परिकल्पना गरि अगाडि सारे पश्चात् सो योजनालाई सहयोग पुऱ्याउने हेतुले औरहीगाउँपालिकाले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा केही पहल कदम चालेता पनि अझै कक्षा ५, ८ र १० को टिकाउ र उतीर्ण दर बढेको छैन भने कक्षा दोहोऱ्याउने र छोड्ने दर घटेको छैन।

दीगो विकास लक्ष्यहरु

दीगो विकास लक्ष्य " ४ .को लक्ष्य नं (२०३०-२०१५)सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने "लक्ष्य पूरा गर्न नेपाल सरकारले सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा भएको "दिगो विकासका लागि शिक्षा" कार्यक्रम र सेप्टेम्वरको संयुक्त राष्ट्रसंघको साधारण सभाको बैठकबाट पारित प्रतिवद्धता अनुरुप उक्त लक्ष्य नं . हासिल गर्न ४औरहीगाउँपालिकाले शिक्षा क्षेत्रको योजना निर्माण गरेको छ। सो लक्ष्य प्राप्तिका लागि यस गाउँपालिकाले दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रम सहित १० वर्षको शिक्षा क्षेत्रको योजना तयार गरी कार्यान्वयनमा ल्याउन प्रयासरत छ। (२०३०-२०२१)

१.२ मु ख्य समस्या तथा चु नौतीको विश्लेषण

औरहीगाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन्-

- प्रारम्भिक बालविकासकेन्द्र कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार/सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउँनु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।

- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।
- विद्यालयहरुमा तहतग अनुसार विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन गर्नु ।

१.३ शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण

यस गाउँपालिकाको शिक्षा क्षेत्रको सबल पक्ष, अवसर, चुनौती र सुधार गर्ने पक्षलाई तल विश्लेषण गरिएको छ

क) शिक्षा क्षेत्रका सबल पक्षहरु

लक्ष्मीपुरपताईर गाउँपालिका को शिक्षा क्षेत्रका सबल पक्षहरु यस प्रकार रहेका छन् :

- यस गाउँ पालिकामा सबै वडाहरुमा बिधालय रहेकाछन
- शिक्षकहरुको सहभागिता र सक्रियता राम्रो छ
- प्राय सबै बिधालय मा बाल बिकाश केन्द्र रहेको छ

ख) शिक्षा क्षेत्रका अबसरहरु

- संबैधानिक प्राबधान अनुसार यस गाउँ पालिकाले शिक्षाको विकास गर्न तत्पर रहेको
- पालिका शिक्षा सम्बन्धि नितिगर ब्यबस्था गर्न प्रयासरत रहेको
- यस पालिकाले शिक्षा सम्बन्धि बजेट बिनियोजन गर्न शुरुवात गरेको
- यो गाउँ पालिका शिक्षा क्षेत्र को विकास गर्न सहज रहेको
- यस गाउँ पालिकामा शिक्षा क्षेत्रमा बिभिन्न संघ सस्थाहरु कार्यरत रहेको

ग) शिक्षा क्षेत्रका सुधार गर्ने पक्षहरु

- बिधालयमा बालबालिकाको निरन्तरता र टिकाउ को लागि बिधालय ब्यबस्थापनलाई सक्रिय बनाउन र स्थानीय तह बाट निरन्तर अनुगन मा जोड
- बिधालय मा खाजा ब्यबस्थापन भएपनि तेस्को गुणस्तर र स्थानीय परिबेस अनुसार बनाउन र अनुगामा गर्नु पर्ने
- छिमेकी स्थानीय तह को साक्षरता दर अनुरुप अगाडी बढन यस पालिका ले ध्यान केन्द्रित गर्नु पर्ने
- प्रारम्भिक कक्षाको सिकाई उपलब्धिलाई बढाउन पहल गर्नु पर्ने

- स्थानीय तह ले सिक्षा क्षेत्र को बजेट बढाउन जोड दिनु पर्ने

घ) शिक्षा क्षेत्रको चुनौतिहरु

यस गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् -

- प्रारम्भिक बालविकास केन्द्रकक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार / सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउँनु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।
- शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको प्रयाप्ता साथै अर्नमा गाउँपालिकाले दरवन्दी मिलान गरेर भएपनी शिक्षक र प्रको व्यवस्थापन गर्नु पर .अ.ने ।

१.४ अवसर

माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरु रहेकाछन्-

- विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने।
- शिक्षामा सरकारको लागि राजनीतिक रुपमा सहभागी देखिएको।
- दीगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको।

- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको।
- शैक्षिक अभियान्ताहरुको अग्रसरता रहेको।

१.२.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्ते एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ ।०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँंस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वद्र्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुन सक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान—प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ ।

१.२.२ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको

छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुऱ्याउँदछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै गरी नेपाल सरकारको २५-वर्षे दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा पन्ध्रौं आवधिक योजनाका लक्षहरू तय गरिएको छ । उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ ।

१.२.३ शिक्षाको संरचनाः

Organogram…… Educational Structure in Nepal



Age in years						
3 – 4						
	ECED/PPC	Lower Basic	Upper Basic	Secondary (9-10)	Secondary (11-12)	Higher Education
	Level of Education					

नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालिवकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

१.२.४ बिद्यालय सङ्ख्या

बिद्यालयको प्रकार	सन्चालित कक्षा अनुसारको सङ्ख्या													तहगत सङ्ख्या						जम्मा इकाई	CLC	अन्य	इकाईगत सङ्ख्या			
	ECED	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१-५	६-८	१-८	९-१०	११-१२	९-१२				१-५	६-८	९-१०	११-१२
सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या	१८	३	०	०	०	६	२	०	७	०	३	०	१	१८	३	०	०	०	६	०			९	९	३	१

सामुदायिक बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या	१५	०	०	०	०	१५	०	०	७	०	३	०	१	१५	०	०	०	०	१५	०			१५	७	३	१
समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय	०	०	०	०	०	०	२	१	३	१	१	१	१	०	०	०	०	०	०	०			०	६	२	२
सामुदयिक बिशेष बिद्यालय	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०			०	०	०	०
सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या	३	३		०	०	०	०	०	०	०	०	०	०	३	३		०	०	०	०			३	०	०	०
घुम्ती बिद्यालयहरुको सङ्ख्या	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०			०	०	०	०
समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०			०	०	०	०
आवासिय सुबिधा सहितका बिद्यालयहरु							०	०	०	०	०	०	०							०			०	०	०	०
प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय (कक्षा ९-१२)										०	१	०	०										०	०	०	१
नमूना बिद्यालय कार्यक्रम सहितका बिद्यालयहरु										०	०	०	०										०	०	०	०
कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका बिद्यालयहरु (सबै प्रकारका)	०										१	०	०	०									०	०	०	१
कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका सामुदयिक बिद्यालयहरु	०										१	०	०	०									०	०	०	१
खुल्ला बिद्यालय सङ्ख्या	०						०	०	०	०	०	०	०	०						०			०	०	०	०
सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या	२	२												२	२						३		०	०	०	०
अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०			०	०	०	०

१.२.४.१ उच्च शिक्षा र विकास (प्राबिधिक र व्यवसायिक शिक्षा समेत्)

१.२.४.२ बिभिन्न तालिम, पुस्तकालय, अनौपचारिक शिक्षा र अन्य सँस्था र तिनको उपलब्धि प्रभाव

१.२.४ बिद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

क) पालिकाको सेवा क्षेत्र र भर्ना प्रवृत्ती

क.१) यस पालिकाको सेवा क्षेत्रबाहेक अन्य पालिकाका बालबालिकाहरु भर्ना भै अध्ययनरत र यस पालिकाको सेवा क्षेत्रबाट अन्य पालिकाका बिद्यालयहरुमा भर्ना भै अध्ययनरत कक्षागत र तहगत बिद्यार्थी

ख) कक्षा गत र तहगत जम्मा विद्यार्थी

ख) कक्षा गत र तहगत दलित, जनजाती, बिशेष जातजाती (२२ जनजाती र पालिकाबाट पहिचाहन भएका अन्य जातजाती), बिशेषत क्षमता भएका (बिभिन्न अपाङ्गता भएका) जम्मा विद्यार्थी

ख.१) संस्थागत बिद्यालयहरूको शिक्षा बिकासमा योगदान

ग) समुदायिक बिद्यालयमा कक्षा गत र तहगत जम्मा विद्यार्थी

घ) समुदायिक बिद्यालयका प्रकार अनुसार कक्षा गत र तहगत जम्मा विद्यार्थी

ङ) सामुदायिक बिद्यालयमा कक्षा गत र तहगत दलित, जनजाती, बिशेष जातजाती (२२ जनजाती र पालिकाबाट पहिचाहन भएका अन्य जातजाती), बिशेषत क्षमता भएका (बिभिन्न अपाङ्गता भएका) जम्मा विद्यार्थी

च) प्राबिधिकधारका बिद्यार्थीको सङ्ख्या र प्रबृत्ति

छ) खुल्ला बिद्यालय, अनौपचारिक/प्रौढ/बैकल्पिक बिद्यालयका बिद्यार्थीको सङ्ख्या र प्रबृत्ति साथै र निरन्तर शिक्षाको अवस्था

ज) तोकिएका शैक्षिक सूचकहरुमा हालको प्रगती र बिगत ५ बर्षको प्रबित्ति साथै विश्लेषण

१.२.५ शिक्षक सङ्ख्या र प्रबित्ति

तह	सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या						सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत)					सबै प्रकारका बिद्यालयको शिक्षक सङ्ख्या (संस्थागतको समेत)			
	दरबन्दी	राहत	जम्मा	महिला	महिला %	बिद्यार्थी शिक्षक अनुपात	जम्मा	महिला	पुरुष	पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या	महिला %	जम्मा	महिला	पुरुष	महिला %
पूर्व प्र.बि./बा.बि.के.	३३			३३	३३	१००%									
आधारभूत (१-५)	५७	१०	१	६८	२०	२९.४१%									
आधारभूत (६-८)	८	६	३	१७	०										

माध्यमिक (९-१०)	९	७	६	२२	०										
माध्यमिक (११-१२)	०	८	०	८	१	१२.५०%									
उच्च शिक्षा	०	०	०	०	०	०									

१.२.५ उल्लेख्य उपलब्धि तथा अन्तर (Gaps)

नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ । विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्ना दरमा भएको वृद्धि र साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछन् । सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.४ र ६७.२ प्रतिशत पुगेको छ भने आधारभूत शिक्षा (कक्षा १–५) मा यो प्रतिशत क्रमशः ११९.३ र ९७.१ रहेको छ । त्यसै गरी आधारभूत शिक्षा (कक्षा १–८) कुल र खुद भर्ना दर क्रमशः ११०.४ र ९३.८ प्रतिशत रहेको छ । अर्कोतिर कक्षा १–३ मा औसत कक्षा दोहऱ्याउने दर ८ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ४ प्रतिशतको हाराहारीमा रहेको छ । कक्षा ८ सम्मको टिकाउ दर ७९.३ प्रतिशत मात्र रहेको देखिन्छ । यसरी भर्ना भएकामध्ये करिब २१ प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका र करिब ६.२ प्रतिशत उमेर समूह ५–१२ वर्षका बालबालिकाहरू विद्यालय बाहिर रहेका हुनाले यी दुवै समूहका बालबालिकालाई कक्षा ८ सम्म टिकाउनु जरुरी छ । माध्यमिक तह (कक्षा ९–१२) मा भने कुल र खुद भर्ना दर क्रमशः ७१.४ र ४७.६ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (५२.४ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा बाहिर रहेको छ ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैरनाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ । सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४९.८% निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा भर्ना भएका छन् । विद्यालयहरूको सङ्ख्याका आधारमा १६.४% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू (८३.६%) मा ५०.२% मात्र विद्यार्थी देखिन्छन् ।

यसका हुनाका दुई कारण छन् । पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले १ वर्षका कक्षा चलाएका छन् । दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन् । त्यसै गरी आधारभूत (१–८) र माध्यमिक तह (९–१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७ र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन् ।

आधारभूत तहमा लैङ्गिक समता सूचक ०.९८ पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ । त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) र आधारभूत तह (कक्षा १–८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् । विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्धसहिको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३, ५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन् ।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसिहतको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय. सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्न सक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँच भएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली तथा शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ ।

यसै गरी स्थानीय र प्रदेश तहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने, विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने, तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलव्धिमा देखा परेको अन्तर घटाउने जस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

१.३.३ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५वर्षे (वि.सं. २०७३-२०७८) समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई

उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्ण हुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना, वृहत् समावेशी गुरू योजना, सिकाइकालागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकका ढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र

विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पार्‍यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महुसस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

१.३.४ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५ वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेम्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था

गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेको थियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्ठि गर्नु पर्ने सुझाव प्रस्तुत भएको छ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ ।

१.४ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन;

२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूका लक्ष्यित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता;

४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;

५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास;

६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक–सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;

७. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;

८. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि;

९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;

१०. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;

११. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमासुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;

१३. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;

१४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;

१५. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;

१६. संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;

१७. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

१.५ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्:

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने;

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको ;

३. दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको ;

४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको ;

५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको ;

६. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको ;

७. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने ;

८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको ;

९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;

१०. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको;

११. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

१.६ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको यो योजना तयारीको प्रारम्भिक कार्यको सुरुआतसँगै कोभिड–१९ को प्रकोप सुरु हुनाले यो प्रक्रियाले पुनः गति लिन केही समय लाग्यो । दूरीमा रही सञ्चार गर्ने विभिन्न वैकल्पिक माध्यमसमेत प्रयोग गरी २०२०को मे/जुन महिनादेखि यस प्रक्रियाले पुनः गति लिएको थियो । शिक्षा क्षेत्रको यो योजना निर्माणको नेतृत्व नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट भई मन्त्रीस्तरबाट योजना निर्माणका लागि आवश्यक संरचना निर्माणको निर्णयका साथै आवश्यक नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । योजना निर्माण प्रक्रियालाई मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता मन्त्रालयका सचिवबाट गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन मन्त्रालयको योजना महाशाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापन गर्ने गरी योजना निर्माणका लागि सचिवालयको काम मन्त्रालयको योजना महाशाखाअन्तर्गत रहेको वैदेशिक सहायता समन्वय शाखा (DACS) गरेको थियो ।

यो योजना तयारीका क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायत विषयगत मन्त्रायलहरूसँग सम्बन्धित विषयमा अन्तर्क्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । विभिन्न स्थानीय तह, प्रदेश सरकारका निकायहरू, केही विद्यालयहरूसँग अन्तरक्रिया गरी सुझाबहरू लिइएको थियो । यस क्रममा सतओटै प्रदेश र केही स्थानीय तहले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेका थिए । ती अभ्यासमा मन्त्रलय तथा विभागीय निकाय सहभागी भई त्यसका सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो। यो योजना तयारीका विभिन्न चरणमा विकास साझेदारहरूको सहयोग तथा सहभागिता निरन्तर रहेको थियो ।

१.६.१ योजना निर्माणमा बिभिन्न श्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू

योजनाको तयारीका लागि निम्नअनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिएः

क) विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्निअनुसार रहेका छन्ः

- The institutional and context study
- The gender equality and social inclusion (GESI) study
- The education external efficiency analysis
- The social impact of education study
- The positive deviance study
- The disability-inclusive education study
- The vulnerability and risk study
- The economic and public finance analysis study
- The Systems Approach for Better Education Results (SABER) study on School Feeding

उल्लिखित नौ ओटा अध्ययनका आधारमा स्थानीय शिक्षा समूहका तर्फबाट शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको गरेको छ ।

ख) यो योजना तयारीका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७ देखि १० जनासम्मको बाह्रओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाह्रओटा विषयतगत समूहले निम्नलिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिएः

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
- समता र समावेशीकरण

- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

उल्लिखित बाह्र ओटा विषयगत प्रतिवेदनले यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो ।

१.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियोः

- **योजना निर्देशक समिति (ESP Steering Committee) :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको योजना निर्देशक समितिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सम्बन्धित पदाधिकारीहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामला तथा सामान्य प्रशासन, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहलगायतको प्रतिनिधित्व रहेको थियो ।

- **योजना प्राविधिक सल्लाहकार समूह (TAT)**: शिक्षा नीति तथा योजनासम्बन्धी विज्ञको संयोजकत्वमा गठित योजना प्राविधिक सल्लाहकार समूहमा विभिन्न विज्ञ तथा शिक्षा विद्को सहभागिता रहेको थियो ।

- **योजना प्राविधिक समिति (ESP Technical Committee):** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना महाशाखाका प्रमुखको अध्यक्षतामा रहेको योजना प्राविधिक समितिमा मन्त्रालयअन्तर्गतका विभागीय निकायहरू तथा मन्त्रालयअन्तर्गतका विभिन्न शाखाका प्रमुखहरू रहेका थिए ।
- **परामर्शदाता समूहहरू (Consultative Teams):** विभिन्न विज्ञ तथा परामर्शदाताहरूका समूहहरूले आवश्यकतानुसार विभिन्न विषयमा कार्य गरेका थिए । परामर्शदाता समूहहरूका कार्यको संयोजन मन्त्रालयको वैदेशिक सहायता समन्वय शाखाबाट भएको थियो ।

- **विषयगत अध्ययन समूहहरू (Thematic Teams):** माथि उल्लेख भएअनुसार मन्त्रालयले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, मन्त्रालय तथा विभागीय निकायका सम्बन्धत क्षेत्रको अनुभव भएका कर्मचारीहरू, विकास साझेदार तथा स्थानीय तहका शिक्षा अधिकारीहरूसमेत संलग्न भएका १२ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो ।
- **प्रारम्भिक मस्यौदा समूहहरू (Initial chapter drafting Teams):** मन्त्रालयले सम्बन्धित विषय क्षेत्रमा काम गर्ने २ वा ३ जना विज्ञ तथा कर्मचारी सम्मिलित टिमलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाइएको थियो ।

१.६.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित मन्त्रालयको टिमले काम गरेको थियो । यस क्रममा उल्लिखत विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययनहरूलगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना प्राविधिक समिति, योजना प्राविधिक सल्लाहकार समूह तथा योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाब तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

परिच्छेद दुई

दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

२.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लिखित प्राप्त (ज)अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे गाउँ शिक्षा योजना २०२४ सन्)-२०३३तयार गर (िएको छ।

वि २०१०.स.मा“ नेपालमा शिक्षा ”नामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका

योजनाहरु र गरेका प्रतिवद्धताहरुलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस यस गाउँपालिकाको गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरु, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे गाउँ शिक्षा योजना निर्माण ग (२०३३-२०२४)र्नु सान्दर्भिक देखिन्छ।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि .सं. २०३३ सन्) २०९०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरु, रणनीतिहरु तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

२.२ लक्ष्मीपुर पताईर गाउँपालिकाको दुरदृष्टि

शिक्षित, सभ्य, स्वास्थय र सक्षम जनशक्ति, विकास र सामाजिक-आर्थिक रूपान्तरण गरी सामाजिक समृदीको लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, नागरिकको विकासमा योगदान पुऱ्याउनु ।

२.३ लक्ष्य

दक्ष जनशक्ति, जीवनोपयोगी सीपयुक्त, सामाजिक मूल्य मान्यता, समता र समवेशीताप्रति सचेत नागरिक तयार गर्ने।

२.४ उद्देश्य

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु ।

२. सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु ।

५. विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु ।

६. विद्यालयलाई भय, विभेद र दुव्र्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु ।

७. आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु ।

२.५ रणनीति

१. सबै बालबालिकाहरुको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पुऱ्याउनगाउँपालिका ,वडा र विद्यालयले आवश्यक सुविधा सहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्शाङ्कनको आधारमा सुलभ दूरीमा विद्यालय व्यवस्थापन गर्ने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावकसचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने।

३. माध्यमिक शिक्षामा सबैकोपहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्तापक्षहरुमा जोड दिने।

४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने।

५. विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।

६. स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने ।

७. विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ताजोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने।

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने। (८.४.२)

९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।

२.६ कार्यनीति

यस गाउँपालिकाको शिक्षाको कार्यनीति यस प्रकार हुनेछ :

१. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

२. विद्यालय शिक्षामा पहुच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्र म, निःशुल्क पाठ्यपसुतक, छात्रवृति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्र म सञ्चालन गरिनेछ ।

३. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिइ विभिन्न प्रोत्साहनमू लक कार्यक्र म सञ्चालन गरी स्थानीय तहले आफ्नो से वा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्र म सञ्चालन गरिनेछ ।

४. सबैका लागि अनिवार्य तथा निःशलुक शिक्षा सुनिश्चितता गर्न शारीरिक तथा सामाजिकरूपमा पछाडि परेको बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ ।

५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयक् तु पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

२.७ अपेक्षित मुख्य उपलब्धि

शिक्षा क्षेत्रको योजनाको अन्त्य २०३० सन्)) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ-

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकासशिक्षाको पहुँच र अवसर पाएका हुने ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच ,सहभागिता र गुणस्तरमाअभिवृद्धि भएको हुने ।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने ।
४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भईदैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू,स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा,सीप तथा ज्ञान , सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुने ।
६. प्रविधिमैत्रीक्षमतावान् र सक्षम , शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।
७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएकोहुने ।
८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागिगुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने ।
९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने ।
१०. आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुने ।

११. हरेक परिस्थितिमा बालबालिकालेभौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्नेअधिकारसुनिश्चित भएको हुने।

१२. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने।

१३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

१४. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनकासमस्या तथा चुनौतीहरु सम्बोधन गरीआवश्यकतामा आधारित योजना निर्माण भएको हुने।

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

लक्ष्मीपुर पाटारी गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्रको योजना २०२४ सन्)-२०३३का (मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरीएको छ -

२.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुने छः

क्र.सं.	सूचक	सूचकहरुको तहको	आधार वर्ष २०८१	२०८३	२०८५	२०८७	सूचकको स्रोत	तथ्याँकको स्रोत
१.	**प्रारम्भिक बालविकास र शिक्षा**							
१.१	प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%)	स्थानीय	91.2	92.0	93.0	94.0		Toolkit
		प्रदेश						
		राष्ट्रिय	**८६.2**	**८९.५**	**९४.०**	**९९.०**		
१.२	प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%)	स्थानीय	86.0	89.0	92.0	95.0		
		प्रदेश						
		राष्ट्रिय	**६८.६**	**७३.०**	**८५.०**	**९५.0**		
२.	**आधारभूत शिक्षा (कक्षा १ - ८)**							
२.१	कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%)	स्थानीय	94.0	95.0	96.0	97.0		
		प्रदेश						
		राष्ट्रिय	**९६.9**	**९७.५**	**९९.०**	**१००**		
२.२	कक्षा १ मा नयाँ भर्ना	स्थानीय	112.0	110.0	105.0	100.0		

	भएका बालबालिकाको कूल प्रवेश दर (%)	प्रदेश						
		राष्ट्रिय	**१२१.९**	**११५.०**	**१०७.०**	**१०५.०**		
२.३	आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%)	स्थानीय	95.2	96.0	98.0	99.0		
		प्रदेश						
		राष्ट्रिय	**९७.1**	**९९.०**	**९९.५**	**१००**		
२.४	आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%)	स्थानीय	**125.4**	**180.0**	**110.0**	**100.0**		
		प्रदेश						
		राष्ट्रिय	**११९.२**	**११५.०**				
२.५	आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%)	स्थानीय	95.9	97.0	99.0	100.0		
		प्रदेश						
		राष्ट्रिय	**९८.३**					
२.६	आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%)	स्थानीय	83.3	89.0	95.0	100.0		
		प्रदेश						
		राष्ट्रिय	**११३**	**११०**	**१०७**	**१०५.०**		
२.७	आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%)	स्थानीय	**93.1**	**95.0**	**98.0**	**100.0**		
		प्रदेश						
		राष्ट्रिय	**९३.०**					
२.८	आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%)	स्थानीय	95.9	97.0	99.0	100.0		
		प्रदेश						
		राष्ट्रिय	**८५.८**	**९३.१**	**९५.५**	**९९.५**		
२.९	आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%)	स्थानीय						
		प्रदेश						
		राष्ट्रिय	**२२.२**	**२०.०**	**१५.०**	**१०.०**		
२.१०	आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क*	स्थानीय	**1.0**	**1.0**	**1.0**	**1.0**		
		प्रदेश						
		राष्ट्रिय	**१.०६**			**१.०१**		
२.११	आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%)	स्थानीय	**95.2**	**97.0**	**99.0**	**100.0**		
		प्रदेश						
		राष्ट्रिय	**९३.४**	**९९.०**		**१००**		
२.१२	आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%)	स्थानीय	120.6	115.0	110.0	100.0		
		प्रदेश						
		राष्ट्रिय	**११०.४**					
२.१३	आधारभूत तहको कक्षा ८	स्थानीय	75.6	80.6	90.0	95.0		

	सम्मको टिकाउ दर* (%)		प्रदेश						
			राष्ट्रिय	**७९.३**			**९५.०**		
२.१४	आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%)		स्थानीय	83.1	87.0	93.0	97.0		
			प्रदेश						
			राष्ट्रिय	**७२.७**			**९५.०**		
२.१५	आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक*		स्थानीय	**0.79**	**0.79**	**0.79**	**0.79**		
			प्रदेश						
			राष्ट्रिय	**१.०१**	**१.०१**				
२.१६	कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%)	नेपाली भाषा	स्थानीय						
			प्रदेश						
			राष्ट्रिय	कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने					
		गणित	स्थानीय						
			प्रदेश						
			राष्ट्रिय						
२.१७	कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%)	नेपाली भाषा	स्थानीय	47.3	47.0	53.0	60.0		
			प्रदेश						
			राष्ट्रिय	४५.०	५२.०	६०.०	७०.०		
		गणित	स्थानीय	61.3	67.0	73.0	80.0		
			प्रदेश						
			राष्ट्रिय	२८.३	४०.०	६०.०	७०.०		
		अङ्ग्रेजी	स्थानीय	47.3	47.0	53.0	60.0		
			प्रदेश						
			राष्ट्रिय						
२.१८	कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%)	नेपाली भाषा	स्थानीय	58.3	60.0	72.0	75.0		
			प्रदेश						
			राष्ट्रिय	६८.५	७०	७२	७५		
		गणित	स्थानीय	48.3	50.0	54.0	57.0		
			प्रदेश						
			राष्ट्रिय	५३.५	६०.०	६५.०	७०.०		
		विज्ञान	स्थानीय						
			प्रदेश						
			राष्ट्रिय	४३.८	५०.०	६०.०	७०.०		
२.१९	विद्यालय वाहिर	आधारभूत	स्थानीय	2.71					

	रहेका बालबालिका* (%)	(कक्षा १-५)	प्रदेश						
			राष्ट्रिय	**२.९**	**१.०**	**०.५**	**०**		
		आधारभूत (कक्षा १-८)	स्थानीय	6.3					
			प्रदेश						
			राष्ट्रिय	**६.६**		**१.०**	**०**		
२.२०	आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%)		स्थानीय						
			प्रदेश						
			राष्ट्रिय	**४3.७**	**४५.०**	**५०.०**	**५०.०**		
३.	**माध्यमिक शिक्षा (कक्षा ९-१२)**								
३.१	माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%)		स्थानीय	79.6					
			प्रदेश						
			राष्ट्रिय	**४७.६**		**६५.०**			
३.२	माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%)		स्थानीय	**97.5**					
			प्रदेश						
			राष्ट्रिय	**७१.४**			**९९.०**		
३.३	माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२)		स्थानीय	0.93	0.94	0.95	0.96		
			प्रदेश						
			राष्ट्रिय	**१.०२**	**१.००**	**१.००**	**१.००**		
३.४	आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%)		स्थानीय	67.1					
			प्रदेश						
			राष्ट्रिय	**९७.५**					
३.५	कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%)		स्थानीय	61.1					
			प्रदेश						
			राष्ट्रिय	**६०.३**					
३.६	कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%)		स्थानीय	२४%	२७%	२८%			
			प्रदेश						
			राष्ट्रिय	**२४.०**					
३.७	माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%)		स्थानीय	**२१.५०**	**२३.०**	**२५.०**	**३०.०**		
			प्रदेश						
			राष्ट्रिय	**२०.६**	**२२.०**	**२७.०**	**३३.०**		
३.८	माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा		स्थानीय	विज्ञान	०				
				प्रा.व्या.					
			प्रदेश	विज्ञान					
				प्रा.व्या.					

	विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%)	राष्ट्रिय	विज्ञान			**१५.०**			
			प्रा.व्या.	**१०.०**	**१७.०**	**३०.०**			
३.९	कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा)	नेपाली भाषा	स्थानीय	५८					
			प्रदेश						
			राष्ट्रिय						
		गणित	स्थानीय	४५					
			प्रदेश						
			राष्ट्रिय						
		विज्ञान	स्थानीय						
			प्रदेश						
			राष्ट्रिय						
		अङ्ग्रेजी	स्थानीय						
			प्रदेश						
			राष्ट्रिय						
४.	**जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा**								
४.१	साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%)	स्थानीय		64.9					
		प्रदेश							
		राष्ट्रिय		**५८.०**		**९५.०**			
४.२	साक्षरता दर (६ वर्ष भन्दा माथि) (%)	स्थानीय		96.0					
		प्रदेश							
		राष्ट्रिय		**८२.०**	**८९.०**	**९५.०**	**१००**		
४.३	साक्षरता दर (१५-२४ उमेर समूह) (%)	स्थानीय		96.0					
		प्रदेश							
		राष्ट्रिय		**९२.०**		**९९.०**			
४.४	साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि)	स्थानीय							
		प्रदेश							
		राष्ट्रिय		**०.६५**			**०.८०**		
५.	**प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम**								
५.१	प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%)	स्थानीय							
		प्रदेश							
		राष्ट्रिय		**३१.०**	**४०.०**	**५०.०**	**७५.०**		
५.२	प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा	स्थानीय	छात्रा	३२					
			छात्र	९१					
		प्रदेश	छात्रा						

	सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या)		छात्र						
		राष्ट्रिय	छात्रा						
			छात्र						
६.	**सुशासन तथा व्यवस्थापन**								
६.१	आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय)	स्थानीय		३३:१					
		प्रदेश							
		राष्ट्रिय		२४:१		३०:१	३०:१		
६.२	आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय)	स्थानीय		१३२:१					
		प्रदेश							
		राष्ट्रिय		३०:१		३०:१	३०:१		
६.३	आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय)	स्थानीय		१३२:१					
		प्रदेश							
		राष्ट्रिय		३३:१	३१:१	३०:१	३०:१		
६.४	माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय)	स्थानीय		५५:१	४०:१	३५:१	३०:१		
		प्रदेश							
		राष्ट्रिय		४०:१		३०:१	३०:१		
६.५	माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीःशिक्षक अनुपात	स्थानीय		६२:१	५५:१	४५:१	३५:१		
		प्रदेश							
		राष्ट्रिय		४१:१	३५:१	३०:१	३०:१		
७.	**शिक्षामा लगानी**								
८.१	कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%)	स्थानीय							
		प्रदेश							
		राष्ट्रिय		१०.६८	१५.०	१७.०	२०.०		
८.२	आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा)	स्थानीय							
		प्रदेश							
		राष्ट्रिय		१८	२१	२४			
८.३	माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा)	स्थानीय							
		प्रदेश							
		राष्ट्रिय		११	१५	१७			

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु (प्रारम्भिक बालविकास र शिक्षा, आधारभुत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, र प्राविधिक तथा उच्च शिक्षा) को वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासको निमित्त अवलम्बन गर्नुपर्ने उद्देश्य तथा रणनीतिहरूको विस्तृतीकरण गर्नुपर्ने हुन्छ । यस परिच्छेदमा समावेश गरिने उपक्षेत्रहरुलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी ५ वटा उपशिर्षकमा विभाजन गरि विश्लेषण गर्नुपर्ने हुन्छ । तथ्याङ्कको विश्लेषण गर्दा तथा नतिजा उल्लेख गर्दा सँख्यामा विश्लेषण गरी आवश्यकता अनुसार प्रतिशतमा पनि दिन सकिन्छ ।

३.१ बालविकास र शिक्षा

परिचय

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा प्रत्येक " मा (३) साथै ,भनी उल्लेख गरेको छ "बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ को आठौँ संशोधनले बाल २०२८ शिक्षा ऐनविकास शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं र सोह्रौ पञ्चबर्षिय योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ । सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर अर्नमा गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

३.१.१ औरही गाउँपालिकाको वर्तमान अवस्था

औरहीगाउँपालिकामा हाल १७ वटा बालविकास कक्षा विभिन्न विधालयहरूमा सञ्चालनमा रहेका छन् । १७ वटा सरकारी अनुदान प्राप्त जना शिक्षकहरु सेवारत छन् । १७ जम्मा ,४-५ वर्ष उमेरको कूल जनसंख्या १४८० रहेको यस पालिकामा १२५९ (८५%) जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन् । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ८६ % रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक ०.८२ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरुमध्ये १०० प्रतिशत महिला रहेका छन्प्रवीणता ,जना ५ योग्यता भएका .सी.एल्.एस् ,जसमध्ये , म जना र सो भन्दा ९ प्रमाणपत्र तह योग्यता भएकाथिल्लो योग्यता भएका ३ जना सहजकर्ता कार्यरत छन् । यसरी हेर्दा यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ । प्रायःबालविकास केन्द्रहरु बालमैत्रीलैङ्गिक मैत्री बन्न सकेका छैनन् ,अपाङ्ग मैत्री , । एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यून छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन । तथापी सबै सहजकर्तालाई ५ दिने पुनर्ताजगी तालिम शैक्षिक शत्र २०७७ मा दिईएको थियो ।

प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान चुनौतीहरु -

१. १७ मध्ये कुनै पनि प्रारम्भिक बालविकास केन्द्रले न्यूनतम् मापदण्ड पूरा नगर्नु ।
२. प्रारम्भिक वालविकास उमेर समूहका १५ प्रतिशत वालवालिकाहरु विद्यालय बाहिर हुनु ।
३. प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका जम्मा विद्यार्थीहरुमध्ये ८५ प्रतिशत मात्रै उपयुक्त उमेर समूहको हुनु ।
४. प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाहरु ८६% मात्रै हुनु ।
५. प्रारम्भिक वालविकास तथा शिक्षा पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु ।
६. सहजकर्ताहरुको पारिश्रमिक न्यून हुनु ।
७. बालविकास तथा शिक्षामा शिक्षक विद्यार्थीको अनुपात १:७२ हुनु ।
८. अपाङ्ग विद्यार्थीहरुको अद्यावधिक तथ्याङ्क नहुनु ।
९. कुनै पनि सहजकर्ता आधारभूत तालिम प्राप्त नहुनु ।

३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ -

१. १४ वटा नयाँ सहित ३१ ओटै बालविकास केन्द्रहरुलाई न्यूनतम मापदण्ड पुरा गरेको सुनिश्चित गर्नु ।
२. शतप्रतिशत बालवालिकाहरुको लागि प्रारम्भिक बालविकासको अवसर सुनुश्चित गर्नु ।
३. शिक्षक र विद्यार्थी अनुपातलाई राष्ट्रिय मापदण्ड अनुसार पुर्याउन १४ वटा नयाँ बा.वि. केन्द्र स्थापना गर्नु ।
४. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।
५. ३१ वटै सहजकर्ताहरुलाई क्षमताविकास तालिम दिई प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु ।
६. सबै सहजकर्ताहरुको तलब ILO को मापदण्ड बमोजिम वृद्धि गर्नु ।
७. प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरुमा भएको अपाङ्गताको पहिचान गरि सहयोग सुनिश्चित गर्नु ।

३.१.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीने छ -

१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन गरि आवश्यकता अनुसार थप १४ ओटा बालविकास केन्द्रहरुको स्थापना र संचालन गर्ने ।
२. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरु गुणस्तर सुनिश्चित गर्ने ।
३. अभिभावक शिक्षा मार्फत प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गराउने ।
४. सहजकर्ताको क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गर्ने ।
५. सहजकर्ताहरुको पारिश्रमिक तथा अन्य सेवासुविधाहरु वृद्धि गर्ने ।
६. प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरुमा भएको अपाङ्गता पहिचान गरी सहयोगको सुनिश्चितता गर्ने ।
७. प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनको सुनिश्चितता गर्ने ।
८. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरू सँग समन्वय र सहकार्य गर्ने ।

३.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क (प्रमुख उपलब्धिहरुः

१ .प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरू गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुनेछन् ।

२. सबै १७ ओटै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरु न्यूनतम राष्ट्रिय मापदण्ड पुरा गरेका हुनेछन् ।

३. कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरु प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्रको अनुभव सहित भर्ना भएका हुनेछन् ।

नतिजा

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि

क्रसं	सूचक (उदाहरण)	आधार वर्ष (२०८१/८२)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या	१२५९	१२७२	१२८५	१२९८	१३११	१३२४
२	तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र	१	३	५	४	४	१६
३	प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि तालिम प्राप्त शिक्षकहरुको संख्या	१	१०	१०	१०		३३
४	अभिभावक शिक्षाबाट लाभान्वित अभिभावकहरुको संख्या	१२५९	१२७२	१२८५	१२९८	१३११	१३२४
५	प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र बाट लाभान्वित अपाङ्ता भएका बालबालिका हरुको संख्या	०	२	४	५	३	३

३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि

क.सं.	प्रमुख क्रियाकलाप (उदाहरण)	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)
			१	२	३	४	५	जम्मा	
१	प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण	केन्द्र	०	४	४	४	४	१६	गाउँपालिका
२	शिक्षक/सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास	जना	०	५	१	४	२	१२	गाउँपालिका
३	बालविकास सहजकर्ताका लागि पेशागत विकास तालिम (प्रथम र	०	२४	१	४	२	३१	०	गाउँपालिका

	दोस्रो चरण)								
४	प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका अभिभावकहरुका लागि सचेतना/शिक्षा कार्यक्रम	संख्या	१२ ५९	।१ २७ २	१२८ ५	१२ ९८	१३१ १	१३२४	गाउँपालिका
	प्रारम्भिक बालविकास शिक्षा केन्द्रहरुलाई न्यूनतम राष्ट्रिय मापदण्ड अनुसार समतामूलक बनाउन आवश्यकता पहिचान गरी माग परिपूर्ति गर्ने	संख्या	०	१ ३	७	५	७	३१	प्रदेश/ गाउँपालिका / संघ संस्थाहरु
	पालिका स्तरीय अपाङ्गता भएका बालबालिकाहरुको पहिचान र सहयोग कार्यक्रम	पटक	३१	३२	३३	३३	३४	१६३	संघ/ गाउँपालिका
	प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका बालबालिकाहरुका लागि दिवाखाजा कार्यक्रम	संख्या							संघिय इकाई
	प्रारम्भिक बालविकास तथा शिक्षा सहजकर्ताहरुको पारिश्रमिक तथा सेवा सुविधा	संख्या	१७	२ २	२३	२ ७	२९	२९	संघ/ गाउँपालिका

३२. आधारभूत शिक्षा

परिचय

नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ । शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा " भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठ सम्म दिइने शिक्षा हो । विद्यालय क्षेत्र सुधार योजना २०६६ देखि २०७२ ले विधालय शिक्षाको पुर्नसंरचना गरेर कक्षा १- ८ लाई आधारभूत शिक्षा, कक्षा ९- १२ लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको उल्लेख जीवनस्तरमानिय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय

शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ ।आधारभूत तहको शिक्षाको महत्त्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि औरहीगाउँपालिकाले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

३.२.१. वर्तमान अवस्था

औरहीगाउँपालिकामा जम्मा १७ वटा विद्यालय रहेका छन् । जसमा सामूदायिक विद्यालय १७ र निजि विद्यालय ६ वटा रहेका छन् । यस गाउँपालिकामा आधारभूत तह १ - ५ को १७ वटा र १- ८ को ७ वटा गरि जम्मा १७ वटा सामूदायिक आधारभूत विद्यालय रहेका छन् । त्यसै गरि निजी विद्यालय तर्फ आधारभूत विद्यालयहरु जम्मा ६ वटा रहेका छन् । फल्यास रिपोर्ट २०८० अनुसार यस गाउँपालिकामा कक्षा १-८ सम्मको खुद भर्नादर ९५.२ प्रतिशत रहेको छ भने कुल भर्ना १२०.६ प्रतिशत रहेको छ । त्यस्तै कक्षा ८ सम्मको टिकाउ दर छात्रा ८६.३ प्रतिशत र छात्र ८८.० प्रतिशत रहेको छ । यस गाउँपालिकामा २०८० को फल्यास रिपोर्ट अनुसार आधारभूत तहमा जनजाती विद्यार्थीको संख्या ११५५ जना, दलित विद्यार्थी संख्या २५१८ जना र मधेशी (अन्य) विद्यार्थी संख्या ५०४९ जना रहेका छन् । यस गाउँपालिका को कषा १-५ को विद्यालय छाड्ने दर १.४ प्रतिशत रहेको छ भने कक्षा ६-८ को ३.३ प्रतिशत रहेका छन् । यस गाउँपालिका मा कक्षा दोहर्याउने दर १-५ कक्षाको १.८ प्रतिशत रहेको छ भने कक्षा ६-८ को ३.२ प्रतिशत रहेका छन् ।

आधारभूत तह कक्षा१-८ ६८ मा एस्.एल योग्यता भएका .सी. जना, आइ योग्यता भएका .एड.६८ जना र स्नातक योग्यता भएका ७२ जना र स्नातकोत्तर योग्यता भएका ८ गरी जम्मा १४८ जना दरवन्दीमा कार्यरत रहेको वर्तमान अवस्था छ। सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूमा तहगत रूपमा सबै शिक्षकहरूको न्यूनतम् योग्यता पूरा भएको देखिन्छ । पेशागत तालिम प्राप्त कूल शिक्षक ८६.३६ प्रतिशत रहेकोले बाँकी रहेका शिक्षकका लागि तालिममा जोड दिनुपर्ने देखिन्छ ।

आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरू -

१. १७ वटै सामूदायिक आधारभूत विद्यालयमा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
२. खुद भर्ना दर ९५.२ बाट बृधि गर्नु ।
३. सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार नहुनु ।

४. विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्ग मैत्री, बालमैत्री नहुनु।
५. विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउनु।
६. प्रकोप जोखिमको समयमा बालबालिकाकोस सिकाई निरन्तरता नहुनु।
७. सूचना तथा सञ्चार प्रविधिमा दक्षता वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग नहुनु ।

३.२.२ उद्देश्य

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ -

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउनु ।
३. विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरी बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउनु ।

३.२.३ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -

१. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने ।
२. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने ।
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने ।
४. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने ।
५. मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने ।
६. वैकल्पिक/अनौपचारिक/खुला/परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने ।
७. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने ।
८. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने ।

९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने ।

१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने ।

११. स्थानीय पाठ्यक्रम मार्फत बहुभाषिक र प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने ।

१२. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने ।

<u>३.२.४ प्रमुख उपलब्धि तथा नतिजाहरु</u>

क) उपलब्धिहरु

१ . अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

नतिजा

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि

क्र.स.	सूचक (उदाहरण)	आधार वर्ष (२०८०/८१)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabiling Conditions) पुरा गरेका आधारभूत तहका विधालयको सङ्ख्या	१७	१७	१७	१७	१७	१७
२	आधारभूत तह (कक्षा १-८) मा बिधार्थी सङ्ख्या	८७२२	८८०९	८८९६	८९८३	९०७०	९१५७
३	तालिम प्राप्त शिक्षकको सङ्ख्या	४०	१०			१८	६८
४	महिला शिक्षक संख्या	२०	२०	२०	२०	२०	२०
५	स्थानीय पाठ्यक्रम २०८० को कार्यान्वयन	बनेको					
६	सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्र	१७	१७	१७	१७	१७	१७

३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५		
१	विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन	पटक		१				१	गाउँपालिका
२	शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन	पटक		१			१	३	गाउँपालिका
३	आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना	प्रतिशत	१५६	१५१	१४६	१४१	१३६	१००	गाउँपालिका
४	विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास	संख्या		२	४	५	५	१६	गाउँपालिका
५	स्थानीय पाठ्यक्रम २०८० को कार्यान्वयन	कक्षा	१७	१७	१७	१७	१७	१७	गाउँपालिका
६	प्रकोप, संकट तथा महामारी	पटक		१				१	गाउँपालिका

	लगायतका परिस्थिति प्रति योजना तयार गरी कार्यान्वयन								
७	सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन	पटक	१	१	१	१	१	५	संघ र गाउँपालिका
८	सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास	संख्या	१७	१७	१७	१७	१७	१७	गाउँपालिका
९	विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा	प्रतिशत	१००	१००	१००	१००	१००	१००	गाउँपालिका
१०	अपाङ्गताभएकाहरुको प्रारम्भिक पहिचान गर्ने	निरन्तर	१	१	१	१	१	१	संघ र गाउँपालिका
११	निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक	प्रतिशत	१००	१००	१००	१००	१००	१००	संघ र गाउँपालिका
१२	एकीकृत पाठयक्रम सम्बन्धि (कक्षा १-३) का शिक्षकलाई क्षमता विकास गर्ने	पटक	१	१	१	१	१	५	संघ र गाउँपालिका
१३	आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण	प्रतिशत	३	५	४	३	३	१७	गाउँपालिका
१४	सिकाइ सामग्री व्यवस्थापन	प्रतिशत	३	५	४	३	३	१७	गाउँपालिका

३३. माध्यमिक शिक्षा

परिचय

शिक्षा ऐन २०२८ ले कक्षा ९ सम्मलाई माध्यमिक शिक्षाको १२-रूपमा राखेको छ । नेपालको संविधानले २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । औरहीगाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ ।

३.३.१ वर्तमान अवस्था

औरही गाउँपालिकामा हाल कक्षा १-१० सम्म सञ्चालित २ र कक्षा १-१२ सम्म सञ्चालित १ वटा विद्यालय रहेका छन । जसमध्ये १ वटा विद्यालयमा प्राविधिक धार अन्तर्गत Pre- Diploma इन्जिनियरिङ्ग विषयको अध्यापन भइरहेको छ । यस गाउँपालिकामा कक्षा ११-१२ मा शिक्षा शास्त्र र वाणिज्य विषयमा अध्ययन अध्यापन भइरहेको अवस्था छ । गाउँपालिका भित्र माध्यमिक तह (कक्षा ९-१२) सम्म ७ जना (प्राविधिक समेत) शिक्षक रहेका छन् । यस गाउँपालिकामा कक्षा ९-१० मा छात्रा २६२ जना र छात्र २२० गरी ४८२ जना छन् । त्यसै गरी कक्षा ११-१२ मा छात्रा ४८ र छात्र १४ गरी जम्मा ६२ जना रहेका छन् । यस पालिकाको कक्षा ९-१२ को कूल छात्रछात्राको संख्या ५४४ जना रहेका छन् । त्यसैगरी यस पालिकाको माध्यमिक तहमा सहजै भर्नादर ८७.७ प्रतिशत रहेको छ भने खुद भर्नादर ७९.६ प्रतिशत रहेको छ । यस पालिकाको शिक्षक विद्यार्थी अनुपात १:७७ रहेका छन् । यस पालिकामा माध्यमिक तहमा जनजाती छात्रा ८ जना र छात्र ७ जना गरि जम्मा १५ जना छन् । त्यसैगरि दलित छात्रा २७ जना र छात्र ५८ जना गरि जम्मा ८५ जना रहेका छन् र ४५४ जना (अन्य) छात्र-छात्रा रहेका छन् । EMIS अनुसार एक जना पनि अपाङ्गता भएका विद्यार्थी देखिएको छैन ।

यस पालिकाको ३ वटा माध्यमिक विद्यालयहरुमा बाल क्लव गठन भएतापनि पुर्नगठनको आवश्यक्ता छ । त्यसै गरि १ वटा विद्यलयमा पुस्तकालय रहेकोमा सो लाई अझ व्यवस्थित गर्नुपर्ने आवश्यक्ता छ । ३ वटै माध्यमिक विद्यालयहरुमा विद्यालय सुधार योजना र EMIS अध्यावधिक नियमित भइरहेको छ । यस पालिकाभित्र माध्यमिक तह कक्षा ९-१२ मा जम्मा शिक्षक संख्या ७ जना रहेकोमा स्नातक योग्यता भएका ५ जना र स्नातकोत्तर योग्यता भएका २ जना शिक्षकहरु कार्यरत रहेका छन् । यस पालिकामा रहेका जम्मा ३ वटा माध्यमिक तहहरु मध्ये ३ वटामै भौतिक पुर्वाधारको अपर्याप्तता छ। १ वटा विद्यालयमा अपाङ्गमैत्री शौचालय रहेतापनि बाकी २ वटामा छात्र छात्रा शौचालय, स्वच्छ खानेपानीको अभाव रहेको छ ।

माध्यमिक तहमा देखिएका विद्यमान चुनौतीहरुः

१. खुद भर्नादर ७९.६ प्रतिशत मात्र हुनु ।
२. ३ वटा विद्यालयहरुमा अपर्याप्त भौतिक संरचना हुनु ।
३. माध्यमिक तहका ४० प्रतिशत शिक्षकहरु पेशागत तालिम प्राप्त नहुनु ।
४. अपाङ्गता भएका बालबालिकाहरुको पहिचान हुन नसक्नु र विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री नहुनु ।
५. २ वटा विद्यालयमा मात्र विद्यालय व्यवस्थापन समितिको गठन हुन सकनु ।
६. ICT मैत्री विधालय नहुनु ।
७. विद्यालयहरुमा व्यवस्थित पुस्तकालय नहुनु ।

८. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच तथा कार्यन्वयन नभएको ।
९. विद्यार्थीको सिकाइ गुणस्तर र सिकाइ उपलब्धिमा कमि हुनु ।
१०. विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउन नसक्नु ।
११. विद्यालयहरुमा विषयगत शिक्षकहरुको दरबन्दीको व्यवस्था नहुनुका साथै सक्षम मानवस्रोत व्यवस्थापन नहुनु ।

३.३.२. उद्देश्यहरु

१. खुद भर्नादरलाई १०० प्रतिशत पूर्याउनु ।
२. माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षाको गुणस्तरमा सुधार गर्नु ।
३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, अपाङ्गमैत्री, समावेशी र समतामूलक बनाउनु ।
४. माध्यमिक शिक्षामा खुद भर्नादर तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने तथा दोहोऱ्याउने दर घटाउनु ।
५. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी प्रतिस्पर्धी सीपयुक्त एवं उत्पादनसिल जनशक्ति विकास गर्नु ।
६. ICT मैत्री विधालय बनाउनु ।

३.३.३ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछ:

१. विद्यालय नक्शाङ्कनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा स्थापना गरिनेछ ।
२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरिने छ ।
३. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारका विद्यालयहरुमा गुणस्तरीयता लागि आवश्यक सहयोग गरिनेछ ।
४. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ ।
५. सक्षम र नेतृत्वदायी प्रधानध्यापकको व्यवस्था गर्नेछ ।
६. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई मैत्रीपूर्ण बनाइनेछ ।
७. एउटा सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि दक्ष जनशक्ति, विज्ञान प्रयोगशालाको समुचित व्यवस्थापन गरीनेछ ।
८. शिक्षक विधार्थी अनुपातको आधारमा विषगत शिक्षकहरुको व्यवस्थापनको प्रकृया अगाडि बढाईनेछ ।
९. शिक्षण सिकाई पद्धतिमा सुधार गर्ने ।
१०. विद्यालयलाई प्रकोप,सङ्कट तथा महामारी र जलबायु परिवर्तन लगायतका प्रस्थितिप्रति उथानशीलता अवलम्बन गरिनेछ ।

३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

१. नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ।

२. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।

नतिजा

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि

क्रस	सूचक	आधार वर्ष (२०८०/८१)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सँख्या	४८२	४८८	४९४	५०१	५०८	५१५
२	माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सँख्या	८०	८१	८२	८३	८४	८५
३	विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सँख्या	०	०	०	०	०	०
४	न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक विद्यालय सँख्या	३	३	३	३	३	३
५	निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्नादर	७९.६	८०.५	८१.५	८२.५	८३.५	८४.०
६	माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार	१	१	१	२	३	३
७	विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग	३	३	३	३	३	३

८	बाल क्लव पुर्नगठन	१	१	१	१	१	१
९	पुस्तकालय व्यवस्थापन तथा परिचालन	३	३	३	३	३	३
१०	गुनासो सुनुवाई समिति गठन तथा परिचालन	३	३	३	३	३	३
११	माध्यमिक तह मा जम्मा शिक्षक	७	११	११	११	११	११

३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि

क्र. स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५		
१	विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन	पटक	१	०	०	१	०	३	गाउँपालिका
२	प्राविधिक धारको शिक्षाको विस्तार	संख्या	०	०	१	०	०	३	गाउँपालिका
३	शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन	संख्या	१	०	०	०	१	२	गाउँपालिका
४	विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, वास सहितको शौचालय, खानेपानीमा सुधार	पटक	१	१	१	१	१	१०	संघ/ प्रदेश/ गाउँपालिका
५	नमुना माध्यमिक विद्यालय विस्तार	संख्या	०	२	०	०	०	२	प्रदेश/ गाउँपालिका
६	सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास	संख्या	१	१	१	१	१	१०	संघ/ प्रदेश/ गाउँपालिका
७	विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम	संख्या	२	२	२	२	२	२०	संघ/ प्रदेश/ गाउँपालिका
८	तहगत तथा क्षमतामा आधारित प्र.अ. व्यवस्थापन	संख्या	०	०	०	०	१	२	गाउँपालिका
९	प्रकोप तथा जोखिम न्युनिकरण सम्बन्धी सचेतना	संख्या	१	१	१	१	१	१०	गाउँपालिका
१०	आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण	संख्या	२००	२००	२००	२००	२००	२०००	गाउँपालिका
११	सिकाइ सामग्री व्यवस्थापन	पटक	१	१	१	१	१	१०	गाउँपालिका
१२	विद्यालय भर्ना तथा स्वागत कार्यक्रम	पटक	१	१	१	१	१	१०	गाउँपालिका

१३	बाल क्लव पुर्नगठन	संख्या	१	१	१	१	१	१०	गाउँपालिका
१४	पुस्तकालय व्यवस्थापन	संख्या	१	१	१	१	१	१०	संघ/ प्रदेश/ गाउँपालिका
१५	अभिभावक सचेतना कार्यक्रम	संख्या	२	२	२	२	२	२०	गाउँपालिका
१६	अपाङ्गता अल्पशंख्यक र पछाडिपरेका तथा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई माध्यमिक शिक्षामा पहुँच विस्तार	पटक	१	१	१	१	१	१०	गाउँपालिका

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

नेपालको संविधान, शिक्षा ऐन २०२८, र शिक्षा नियमावली २०५९ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई शिक्षाको महत्त्वपूर्ण पक्षका रूपमा स्वीकार गरेका छन्। यी प्रावधानहरूले शिक्षालाई औपचारिक विद्यालय प्रणालीमा मात्र सीमित नराखी, व्यक्ति र समुदायको आवश्यकताअनुसार सिकाइका अवसरहरू सुनिश्चित गर्न खोजेका छन्।

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा परिभाषित गरेको छ। धारा ३१ मा, हरेक नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्नुका साथै, व्यक्तिको आवश्यकता र जीवन परिस्थितिअनुसार आजीवन सिकाइको अवसर प्रदान गर्न राज्यको जिम्मेवारी उल्लेख गरिएको छ। संविधानले महिला, दलित, पिछडिएका वर्ग, र जनजातिहरूलाई शिक्षामा समान अवसर उपलब्ध गराउन जोड दिएको छ। यसले अनौपचारिक शिक्षामार्फत बालबालिका, किशोरीहरू, वयस्कहरू, र अशिक्षित व्यक्तिहरूलाई साक्षरताको अवसर दिन सहयोग पुऱ्याएको छ।

शिक्षा ऐन २०२८ ले अनौपचारिक शिक्षा कार्यक्रमहरूको आधार तयार गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। यस ऐनले औपचारिक शिक्षा प्रणालीमा सहभागी हुन नसक्ने व्यक्तिहरूका लागि वैकल्पिक सिकाइका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गरेको छ। अनौपचारिक शिक्षाका कार्यक्रमहरू अन्तर्गत साक्षरता कक्षा, वयस्क शिक्षा, र समुदायमा आधारित शिक्षा सञ्चालन गर्न सकिन्छ।

अनौपचारिक शिक्षालाई सबै उमेर समूहका व्यक्तिहरूका लागि उपयुक्त बनाउँदै, आधारभूत साक्षरता, व्यावसायिक सीप, र सामाजिक चेतना जगाउने उद्देश्य राखिएको छ। यी कार्यक्रमहरूले ग्रामीण तथा दुर्गम क्षेत्रका समुदायहरूलाई प्राथमिकतामा राखेका छन्।

शिक्षा नियमावली २०५९ ले अनौपचारिक शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि विस्तृत निर्देशन प्रदान गरेको छ। यसले निम्न कार्यहरूलाई प्राथमिकतामा राखेको छ:

1. **साक्षरता र जीवनोपयोगी शिक्षा**: ग्रामीण र शहरी अशिक्षित व्यक्तिहरूलाई पढ्ने, लेख्ने, र दैनिक जीवनमा उपयोगी सीप सिकाउने।
2. **प्राविधिक र व्यावसायिक शिक्षा**: व्यावसायिक सीप विकास कार्यक्रमहरू सञ्चालन गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने।
3. **समुदाय आधारित शिक्षा**: स्थानीय स्रोत र आवश्यकताका आधारमा समुदायस्तरका शिक्षाका कार्यक्रम सञ्चालन गर्ने।

नियमावलीले आजीवन सिकाइलाई पनि विशेष महत्त्व दिएको छ। वयस्कहरूलाई कुनै निश्चित उमेरमा सीमित नगरी जीवनभर सिक्ने वातावरण सिर्जना गर्ने प्रयास गरिएको छ। यस अन्तर्गत, व्यक्तिगत र व्यावसायिक विकासका कार्यक्रमहरू सञ्चालन गर्न विशेष नीति तयार पारिएको छ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइको महत्त्व

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समाजमा शिक्षा र सीपको स्तर उकास्न योगदान पुऱ्याउँछ। यसले औपचारिक शिक्षा प्राप्त गर्न नसक्नेहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्छ। महिलाहरू, दलित, आदिवासी जनजाति, र अशिक्षित वयस्कहरूलाई सशक्त बनाउन अनौपचारिक शिक्षाका कार्यक्रमहरू प्रभावकारी साबित भएका छन्।

आजीवन सिकाइले व्यक्तिलाई नयाँ ज्ञान, सीप, र प्रविधिहरूमा अद्यावधिक राख्छ। यो रोजगारको क्षेत्रमा प्रतिस्पर्धा गर्न, उद्यमशीलता विकास गर्न, र व्यक्तिको व्यक्तिगत विकासका लागि महत्त्वपूर्ण छ।

चुनौतीहरू र समाधान

अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रभावकारी कार्यान्वयनमा वित्तीय स्रोतको अभाव, प्रशिक्षित जनशक्तिको कमी, र दूरदराजका क्षेत्रहरूमा कार्यक्रम पुर्याउन कठिनाइ जस्ता समस्या छन्। यी चुनौतीहरूको समाधानका लागि नीति कार्यान्वयनमा ध्यान दिने, सामुदायिक सहभागिता बढाउने, र प्राविधिक उपकरणको उपयोग गर्ने आवश्यक छ।

३.४.१ वर्तमान अवस्था

यस औरहीगाउँपालिकामा विगतमा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन नभएको अवस्था छ तर उक्त कार्यक्रम संचालनको लागि निरन्तर रुपमा अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र निरन्तर शिक्षाका बारेमा योजना बन्दै आएतापनि कार्यान्वयनमा आउन सकेको छैन। यस गाउँपालिकाको कूल जनसंख्या २७८६६ मध्ये ५ वर्ष वा सो भन्दा माथीका व्यक्तिको साक्षरता हेर्दा कूल जनसंख्या १८०५४ जसमध्ये पूर्ण रुपमा निरक्षर ९७०५ रहेका छन् जुन २८ प्रतिशत हुन आउँछ। यस गाउँपालिकाको कूल साक्षरता ६५.३ प्रतिशतमा ५५.३ प्रतिशत महिला र ७५.१ प्रतिशत पुरुष रहेका छन् ।

अनौपचारिक शिक्षाका चुनौतीहरुः

- पूर्ण साक्षर नगर घोषणा गरनु ।
- जीवन पर्यन्त शिक्षालाई व्यवसाय संग जोडनु।
- सामुदायिक सिकाइलाई जिवन पर्यन्त शिक्षा लिने दिने मञ्चको रुपमा प्रयोग गरनु ।
- गरिबी रेखामुनी रहेका जनसंख्यालाई जिवन पर्यन्त सिकाइमा मा आवद्ध गरनु ।
- अपाङगता भएका व्यक्तिहरुलाई प्रौढ शिक्षाको पहुँचमा ल्याउनु ।
- महिला र पुरुषको साक्षरता दरमा वृद्धि गर्नु ।

३.४.२ उद्देश्य

- पूर्ण साक्षर नगर घोषणा गर्ने (सन् २०३० सम्म)
- जीवन पर्यन्त शिक्षालाई व्यवसाय संग आवद्ध गर्ने ।

- गरिबी रेखामुनी रहेका जनसंख्या तथा लैङगिक अनुपात अनुसार जिवन पर्यन्त सिकाइमा मा समावेश गर्ने ।
- अपाङगता भएका व्यक्तिहरुलाई प्रौढ शिक्षाको पहुँचमा गर्ने ।
- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

३.४.३ रणनीति

- पूर्ण साक्षर नगर घोषणा गर्न लाग्ने बजेट विनियोजन गर्ने
- पूर्ण साक्षर नगर घोषणा गर्नको लागि अनौपचारिक शिक्षाका कक्षाहरु निरक्षर जनसंख्याको आधारमा संचालन गर्ने
- अनौपचारिक तथा जिवन पर्यन्त सिकाई सम्बन्धि जनचेतना कार्यक्रमहरु संचालन गर्ने
- गरिबी रेखामुनी रहेका जनसंख्याको तथ्यांक संकलन तथा थप सुविधा सहित कक्षामा सहभागी गराउने
- गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधालाई साक्षरता सगँ आवद्ध गर्ने
- अपाङगता भएका व्यक्तिहरुको लागि पायक ठाउँमा प्रौढ शिक्षा केन्द्रको स्थापना गर्ने
- अपाङगता भएका व्यक्तिहरुलाई जिवन पर्यन्त शिक्षा सँग जोडेर रोजगार गर्न सक्षम बनाउने
- अपाङगताको प्रकार अनुसार स्रोत, साधन सामाग्रीहरुको व्यवस्थापन गर्ने
- महिलाहरुको साक्षरता दर बढाउन सिप सँग आवद्ध हुने कार्यक्रमहरु संचालन गर्ने
- निरक्षर जनसंख्याको अनुपातमा सामुदायिक सिकाई केन्द्रहरु स्थापना गर्ने
- औपचारिक तथा जिवन पर्यन्त शिक्षा सँग जोडने ।

३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- पूर्ण रुपमा साक्षर नगर घोषणा भई नगरवासीको जीवनस्तरमा सुधार हुनेछ
- शिक्षाको महत्व बुझी औपचारिक शिक्षाको मूलधारमा आवद्ध भई शिक्षित जनसंख्यामा वृद्धि हुनेछन्
- अनौपचारिक शिक्षा सँग सम्बन्धित विभिन्न कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन हुनेछन
- गरिबीको रेखामुनी रहेका जनसंख्यामा कमी, सीपको विकास भई रोजगरीको अवसर प्राप्त हुनेछ
- अपाङगता भएका व्यक्तिहरुले अनौपचारिक शिक्षा हासिल गरी आत्म निर्भर बन्न मद्दत पुग्दछ । जब उनीहरुले नयाँ सिप र ज्ञान प्राप्त गर्दछन, तब उनीहरु काम गर्न सक्षम हुन्छन र आर्थिक रुपमा आफ्नो परीवारको सहयोग गर्न सक्छ ।
- अपङगता भएका व्यक्तिहरुलाई सिकाई केन्द्र सम्म पुग्न सहज हुनेछ

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन् ।

नतिजा

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।

उदाहरणका लागि

क्र.स.	सूचक (उदाहरण)	आधार वर्ष (२०८०/८१)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	साक्षर औरहीगाउँपालिका को घोषणा	०	०	०	१	०	गाउँपालिका
२	साक्षर वडा घोषणा	३	५	५	०	०	गाउँपालिका वडा कर्यालय
३	अनौपचारिक शिक्षा संचालन भएको केन्द्र सङ्ख्या	०	०	०	०	०	संघ गाउँपालिका
४	आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या	३	१	०	१	०	गाउँपालिका
५	सामुदायिक पुस्तकालयको सङ्ख्या	२	०	२	०	२	संघ गाउँपालिका
६	विज्ञ समूह निर्माण र परिचालन	१	०	०	०	०	गाउँपालिका संघसंस्था

३.४.४ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने ।

उदाहरणका लागि

क्र. .स	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (वर्ष ५)					भौतिक लक्ष्य (१०वर्ष)	कैफियत
			१	२	३	४	५		
१	निरक्षरहरूको विवरण संकलन	पटक	१	०	०	०	०	२	गाउँपालिका
२	साक्षर गोलबजार	वडागत	३	५	५			१३	गाउँपालिका
३	स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन	संख्या	१	१	१	१	१	५	गाउँपालिका
४	सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसग आवद्ध गर्ने	पुस्तकालय	०	१	१	०	०	२	गाउँपालिका
५	सा.सि.के.मा प्रविधिको विकास गर्ने	संख्या	०	०	१		१	२	गाउँपालिका
६	सा.सि.के. ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने	निरन्तर	३	१	१	१	१	७	सा. सि.के.
७	जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास	संख्या	०	०	१	०	०	१	गाउँपालिका

८	विज्ञ समूह निर्माण	पटक	१	०	०	०	१	२	गाउँपालिका संघसंस्था

३.५ अन्य उपक्षेत्रहरू

स्थानीय तहरूले माथि उल्लेखित चार उपक्षेत्र बाहेक शिक्षाका अन्य उपक्षेत्रहरूलाई पनि आफ्नो शिक्षा योजनामा समेट्न सक्दछन्। उदाहरणका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका वा गर्न इच्छुक पालिकाले सोसम्बन्धी उपक्षेत्र थप गर्न सक्छन्। त्यसैगरी उच्च शिक्षा तथा जनशक्ति विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका वा गर्न इच्छुक पालिकाले सोसम्बन्धी उपक्षेत्र थप गर्न सक्छन्। यसो गर्दा माथिकै ढाँचामा सो उपक्षेत्र सम्बन्धी योजनाको विकास गर्न सकिन्छ ।

३उच्च शिक्षा ५.

३.५.१ परिचय

कुनै पनि राष्ट्रको समृद्धि तथा विकासको लागि शिक्षा महत्वपूर्ण साधन हो। माध्यमिक तहको शिक्षा पूरा गरेपछि रुचि र आवश्यकताको आधारमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुको संख्या पनि बढ्दै गइरहेको छ। देशको विभिन्न क्षेत्रमा उन्नति हासिल गर्नको लागि उच्चस्तरीय दक्ष जनशक्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। उच्च शिक्षा विशिष्टीकृत हुने हुनाले विद्यार्थीहरुले आफ्नो रुचिको विषयमा विशेष ज्ञान, सीप र दक्षता हासिल गर्दछन् जसबाट देश र समाजले विशेष फाइदा पाउन सक्ने आशा गर्न सकिन्छ।

३.५.२ वर्तमान अवस्था

मुलुकको विकास को लागि दक्ष जनशक्तिको आवश्यकता पर्दछ। देस को शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, औद्योगिक विकासका लागि योग्य जनशक्तिको जरुरत पर्दछ। त्यसका लागि विद्यालय शिक्षा कक्षा १२ भन्दा माथिको उच्च शिक्षा आवश्यकता पर्दछ।औरहीगाउँपालिकामा उच्च शिक्षा प्रदायक संस्थाहरु नभएकोले कक्षा १२ उत्तीर्ण पश्चात् धेरैजसो विद्यार्थीहरु लहान, बिराटनगर, जनकपुर र काठमाडौं जान बाध्य छन्। यसरी व्यक्तिको जीवनस्तर उकास्न, आधुनिक समाजमा रहेका विविध संघ संस्थाको गुणस्तरीय विकास गर्न, कार्य वातावरणमा उत्पन्न विभन्न समस्याहरुको सही समाधान गर्न, ज्ञान, विज्ञान र प्रविधिको विकास गरी सामाजिक रुपान्तरण गर्न र विकासको गतिलाई दक्ष जनशक्ति आपूर्ति गरी तीव्रता प्रदान गर्न उच्च शिक्षाको अहम् भूमिका रहन्छ।तसर्थ यस औरहीगाउँपालिकाले गा.पा. क्षेत्र भित्र उच्च शिक्षा प्रदायक संस्थाको रुपमा कम्तिमा एउटा सामुदायिक विद्यालयलाई स्तरोन्नति वा छुट्टै स्नातक र स्नातकोत्तर तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्नेगरी अगाडी बढ्नेछ ।

उच्च शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः

१. स्नातक र स्नातकोत्तर तहको क्याम्पसको सम्बन्धन र अनुमति लिनु
२. भौतिक पूर्वाधार विकास गरनु।
३. क्यामपसको स्थायित्व र सुदृढीकरण गरनु ।
४. गुणस्तरीय उच्च शिक्षाको प्रत्याभूति दिलाउनु।
५. जनशक्ति व्यवस्थापन गरनु।

३.५.३ उद्देश्य

१. स्नातक र स्नातकोत्तर तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्ने।
२. पूर्वाधार विकास गरी जनशक्ति व्यवस्थापन गर्ने।

३.५.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. यस पालिकामा स्नातक र स्नातकोत्तर तहको क्याम्पस स्थापनार्थ सम्बन्धनका लागि त्रिभूवन विश्वविद्यालय वा पूर्वाञ्चल विश्वविद्यालयसँग पहल गर्ने।
२. सम्बन्धन प्राप्त क्याम्पसको संस्थागत विकासका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकारसँग समन्वय गरी आर्थिक सहयोग माग गर्ने।
३. क्याम्पसको सुढृढीकरणको लागि विश्वविद्यालय अनुदान आयोगबाट अनुदान माग गरि सो अनुकूल कार्य गर्ने।

३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

ख) नतिजा

१. सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।
२. क्याम्पसको सञ्चालनतथा सुदृढीकरण भएको हुने। स्थायित्व ,
३. उच्च शिक्षाको अवसर सहज रुपमा प्राप्त भएको हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

तालिका ३.५ उच्च शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरु	इकाइ	भौतिक लक्ष्य (वर्ष ५)					भौतिक लक्ष्य १०) (वर्ष	कैफियत
			१	२	३	४	५		
१	क्याम्पस सम्बन्धन र अनुमति	पटक		१				१	विश्वविद्यालय
२	क्याम्पस सञ्चालन	संख्या			१			१	गाउँपालिका
३	सुरक्षित पूर्वाधार निर्माण	पटक		१			१	३	संघ/ प्रदेश/ गाउँपालिका
४	स्थायित्व तथा सुदृढीकरण	निरन्तर						२	गाउँपालिका

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू (Cross-cutting Subjects and Areas) ले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा शिक्षक व्यवस्थापन तथा पेशागत विकास; समता तथा समावेशीकरण; स्वास्थ्य, पोषण तथा दिवा खाजा; आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; शिक्षामा सूचना तथा सञ्चार प्रविधि; विद्यालय भौतिक विकास जस्ता अन्तरसम्बन्धित विषयहरू महत्त्वपूर्ण हुन्छन् । हुन त अघिल्लो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरूको योजनाको खाका प्रस्तुत गर्ने क्रममा सम्बन्धित अन्तरसम्बन्धित विषयका कतिपय पक्षहरू केही हदसम्म उल्लेख भैसकेका छन् l तथापि यी अन्तरसम्बन्धित विषयहरूको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग तिनीहरूको अन्तरसम्बन्धका बारेमा थप स्पष्टता आवश्यक देखिन्छ l यसै सन्दर्भमा यस यस परिच्छेदमा समावेश गरिने उपक्षेत्रहरुलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी ५ वटा उपशिर्षकमा विभाजन गरि विश्लेषण गर्नुपर्ने हुन्छ । पालिकाको अवस्था ता आवश्यकता अनुसार अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू थप गर्न सकिनेछ ।

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो । मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बाल/बालिकाहरुको सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ । निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो । यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ । समयसापेक्ष हुनुपर्छ । जनचाहाना पूरा गर्न सक्नुपर्दछ । कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ । व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ । यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ । स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित

गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के-कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो ।

४.४.१. वर्तमान अवस्था ।

औरहीगाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको छ । यसै शैक्षिक सत्रदेखि यस पालिकाले आधारभूत तह कक्षा १-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि परीक्षणको तयारीमा रहेको छ भने आधारभूत तह कक्षा १- ३ को को स्थानीय विषयको पाठ्यपुस्तक मैथिली भाषामा निर्माण छपाई तथा वितरण गरी विद्यालयहरु सम्म पुर्याइएको छ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुर्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुर्याउछ । स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चाल्न गर्नुपर्ने व्यवस्था गरीएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था समावेश गरिएको छ । त्यसै गरी यसले सिकाईमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाई सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।
आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नित नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएको छ । आधारभूत तह कक्षा ६-८ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएको छ । आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ । कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ । कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ ।

पठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः

१.कक्षा १-३ सम्म एकिकृत पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
२.निरन्तर विद्यार्थी मूल्याक्न कार्यान्यवनमा समस्या हुनु ।
३.अभिभावकहरुमा अंग्रेजी भाषा प्रति उच्च आकर्षण हुनु ।
४.शिक्षक निर्देशिकाको प्रभावकारी कार्यान्यवनमा समस्या आउनु ।

५. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि आवश्यक क्षमता विकास कार्यक्रम नहुनु ।

६. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउन नसक्नु ।

७. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको सिमित प्रयोग हुनु ।

८. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको अर्थपूर्ण सहभागिता नहुनु ।

९. अपाङ्गतामैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको व्यवस्थापन र प्रयोगमा चुनौती ।

१० स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु ।

४.१.२ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. कक्षा १-३ मा एकिकृत पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु ।

२. निरन्तर विद्यार्थी मूल्याकन प्रणाली प्रभावकारीताका साथ कार्यान्वयन गराउनु ।

३.सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धित गरी सिकाई क्रियाकलाप सञ्चालन गर्नु ।

४. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध नवराजपुर निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु ।

५. सिकारुका सिकाई समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।

४.१.३ रणनितिहरु

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध औरहीनिर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ ।

२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ ।

३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ ।

४. विपत, महामारी तथा सङ्कटको समयमा सिकाईलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ ।

५. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा लाई प्राथमिकता दिइने छ ।

६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाई अवसर वृद्धि गर्न सिकाई सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्य दृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कपन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ ।

८. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ ।

४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

१वद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाई प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने ।

ख) नतिजा

१. स्थानीय पाठ्यक्रम२०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने ।

२. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १-५ मा आवश्यकतानुसार मातृभाषा रस्थानीय भाषा प्रयोग गरी सिकाई सहजीकरण हुने ।

३. शिक्षण सिकाइको अभिन्नी अङ्गको रुपमा मूल्याङ्कन हुने ।

४. शिक्षण सिकाई क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने ।

५. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने ।

नतिजा

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।

उदाहरणका लागि

क्रसं	सूचक	आधार वर्ष (२०८१/८२)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सँख्या	१७	१७	१७	१७	१७	१७
२	परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या	१७	१७	१७	१७	१७	१७
३	स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय	०	१७	१७	१७	१७	१७

४	निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय		५	५	३	२	२
५	जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या	०		०	०	०	०

४.१.४ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५वर्ष)					भौतिक लक्ष्य १० बर्ष	कैफियत
			१	२	३	४	५		
१	स्थानीय पाठ्यक्रम २०७८ कार्यान्वयन		१७	१७	१७	१७	१७	१७	गाउँपालिका
१.१	स्थानीय पाठ्यक्रम परीक्षण	कक्षा / विषय	१-८	१७	१७	१७	१७	१७	गाउँपालिका
१.२	स्थानीय पाठ्यक्रम कार्यान्वयन	कक्षा / विषय	१-८	१७	१७	१७	१७	१७	गाउँपालिका
१.३	सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण	कक्षा / विषय	१-३	१	१	१	१	१	गाउँपालिका
१.४	स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण	कक्षा / विषय	१-३	१	१	१	१	१	गाउँपालिका
२.	विद्यार्थी मूल्याङ्कन	कक्षा / विषय	१-३	१	१	१	१	१	गाउँपालिका
२.१	नमुना साधन विकास	कक्षा / विषय		१-३			१-५		गाउँपालिका
२.२	कार्य सञ्चयिका फायलको प्रयोग	कक्षा / विद्यार्थी	सबै	सबै	सबै	सबै	सबै		विद्यालय
३	मातृभाषा वा स्थानीय भाषा	सबै	सबै	सबै	सबै	सबै	सबै		
३.१	स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रूपान्तरण गर्ने	संख्या	०	०	०	१	०	१	गाउँपालिका
३.२	सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रूपान्तरण गर्ने	कक्षा / विषय	०	०	०	१	०	१	गाउँपालिका
४	सूचना तथा सञ्चार प्रविधि	प्रतिशत	३५	३५	३५	३५	३५	३५	संघ

	प्रविधिमा आधारित डिजिटल सामग्री								

४.२ शिक्षक व्यवस्थापन र विकास

परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रूपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरूबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।
नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रबर्द्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस औरहीगाउँपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

४.२.१ बर्तमान अवस्था

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रूपमा शिक्षक रहन्छन् । शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी.एड.वा एम .एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । शिक्षा ऐन, २०२८ तथा शिक्षा (संशोधनसहित) नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वीगरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ.एड. । यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्णगरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ । यस पालिकामा शिक्षक बिधार्थी अनुपात १:६२ रहेको छ । त्यसैगरी माध्यमिक तहमा शिक्षक बिधार्थी अनुपात १:५५ रहेको छ ।

शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरू निम्न बमोजिम छन् -

१. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित हुन् नसक्नु ।
२. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्न नसक्नु ।
३. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउन नसक्नु ।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित नहुनु ।
५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार नहुनु ।
६. तहगत रूपमा परीक्षा सञ्चालन गरी अग्रिम रूपमा स्वयम्सेवक शिक्षक सूची प्रकाशन नगर्नु ।
७. शिक्षक बिधार्थी अनुपात मिलान नहुनु ।
८. समय सापेक्ष शिक्षकलाई क्षमता बिकासमा पहल नहुनु ।
९. समयसापेक्ष दरबन्दी मिलन नहुनु ।
१०.बिषयगत दरबन्दी अपुग हुनु ।

४.२.२.उद्देश्य

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् -

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु ।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु ।
३. सबै तहमा योग्य, दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु ।

४. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको छनोट गर्नु ।

४.२.३ रणनीतिहरू

१. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन गरिनेछ ।

२. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ ।

३. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ ।

४. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिनेछ ।

५. यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ ।

६. ५ वर्षे सेवा निरन्तरता सम्झौता गरी क्षमतावान् तथा मेधावी शिक्षकलाई उच्च अध्ययन अनुसन्धानको अवसर दिइने छ ।

४.२.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिहरु

१ प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

२. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग हुनेछ।

नतिजा

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।

उदाहरणका लागि

क्र.स.	सूचक (उदाहरण)	आधार वर्ष (२०८०/८१)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या	१०	२०	३३	३३	३३	३३
२	आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक संख्या	४०	१५	१३	६८	६८	६८
३	माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक संख्या	०	०	८	८	८	८
४	सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%)	१७					

५	शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय						

४.२.४ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५वर्ष)					भौतिक लक्ष्य १० बर्ष	कैफियत
			१	२	३	४	५		
१	शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
१.१	स्वयम् सेवक शिक्षक तयारी	संख्या	४	१३	०	०	०	१७	गाउँपालिका
१.२	पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण	पटक	१	०	०	०	०	१	गाउँपालिका
२	शिक्षक तयारी	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
२.१	नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन	पटक	०	१	०	१	०	२	संघ, प्रदेश/ गाउँपालिका
३	कक्षा १-३ को शिक्षकलाई एकिकृत पाठयक्रम सम्बन्धि तालिम	पटक	१	१	१	१	१	५	संघ गाउँपालिका
३.१	शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास	पटक	०	१	०	०	०	१	गाउँपालिका
३.२	उपचारात्मक शिक्षण पद्धति अभिमुखीकरण	पटक	१	१	१	१	१	१०	विद्यालय
३.३	एक विद्यालय एक पुस्तकालय	संख्या	४	०	१	०	१	६	संघ, प्रदेश/ गाउँपालिका
३.४	एक विद्यालय एक ICT ल्याव	संख्या	९		५		५	१९	संघ /प्रदेश/ गाउँपालिका
३.५	शिक्षक पेशागत सहयोग पद्धति	पटक	१	१	१	१	१	निरन्तर	संघ /प्रदेश/ गाउँपालिका
३.६	शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास गर्ने	पटक		१				२	गाउँपालिका
३.७	पेशागत शैक्षिक अवलोकन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	गाउँपालिका गाउँपालिका
४	शिक्षक क्षमता विकास कार्यक्रम		१	१	१	१	१	५	तालिम केन्द्र गाउँपालिका
४.१	छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने	पटक	१	१	१	१	१	५	गाउँपालिका

४.२	बाल विकास सहजकर्ताको लागि ३० आधारभूत तालिम	पटक	१			१		२	गाउँपालिका
५	शिक्षक उत्तरदायित्व		१७	१७	१७	१७	१७	१७	गाउँपालिका
५.१	शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने	सबै विद्यालय	१७	१७	१७	१७	१७	१७	गाउँपालिका
५.२	विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने	संख्या	०	०	१	०	०	१	गाउँपालिका
६	शिक्षकको आपूर्ति र वितरणविद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने	पटक		१		१		२	संघ /प्रदेश/ गाउँपालिका

४.३ शैक्षिक समता र समावेशीकरण

४.३.१ वर्तमान अवस्था

औरहीगाउँपालिका सामाजिक, आर्थिक, सांस्कृतिक विविधता भएको स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ बसोबास गर्ने जातिहरु मध्ये सबै भन्दा बढी यादव(६२०६) र सबै भन्दा कम राई(१४) रहेको छ ।सम्रगमा तत्मा/तत्वा , मुस्लिम , तेली , दनुवार , चमार/हरिजन/राम , थारु , धानुक ,धोबि , खत्वे ,केवत, मल्लाह, मुसहर, हलुवाई, दुसाद/पासवान/पासी, सुढी, हजाम/ठाकुर, तराई अन्य, बरही, सोनार, कथबनियाँ, कर्मी, बाँतर/सरदार, कल्वार, राजधोब, सुनुवार, क्षेत्री, बंगाली, संयासी, नेवार, ब्राहमिन—पहाडी, माली, क्यास्थ, कामी, डोम, मोझि, कोइरी/कुसुवाहा, ब्राहमिन—तराइ, दमाइ/धोली, राइ अन्य आदी । यहाँ मैथली, उर्दु, थारु, दनुवार, नेपाली, माघी, सुनुवार, भोजपुरी, नेवार, राइ आदी भाषा बोलिन्छन्। यो स्थानीय तहमा हिन्दू, इसलाम ,बौद्ध, क्रिश्चियन धर्मावलम्बीहरु बसोबास गर्छन् भने उनीहरुले दशैं, तिहार, चण्डी, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, ईदजस्ता चाडपर्वहरु मान्ने गर्दछन्। यस पालिकाभित्र रहेका बहुविशेषताहरुबीचमा एकीकरण भएको अवस्था छ। अनेकताबीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भाव, सहयोग, सहकार्य, सहअस्तित्व-, सहिष्णुता, मेलमिलाप कायम भएको छ।

यस पालिकामा गाउँकार्यपालिका वडा ,समिति ,गाउँ शिक्षा समितिव्यवस्थापन विद्यालय , सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्घ संस्थामा ,शिक्षक अभिभावक संघ ,समिति महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ।

४.३.१ वर्तमान अवस्था

यस पालिकामा लैङ्गिक अनुपात प्रतिशत ९३.८८ रहेको छ। गाउँ कार्यपालिका ,वडा समिति , स्थानीय शिक्षा समितिसामाजिक परीक्षण ,शिक्षक अभिभावक संघ ,विद्यालय व्यवस्थापन समिति , समिति आदि तथा विभिन्नसंघ संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। सामुदायिक विद्यालयमा महिला शिक्षक अनुपात न्यून रहेको छ।

शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ-

१. लैङ्गिक मूल प्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित गर्नु।
२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।
३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने।
४. विद्यालयमा विभेद रहित बालमैत्री बनाउने।

४.३.२ उद्देश्यहरू

१. शिक्षाको मूल धारबाट बञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने।
२. शैक्षिक सुशासन कायम गर्ने।
३. विद्यालयलाई लैङ्गिकमैत्री ,अपाङ्गतामैत्री तथा बालमैत्री बनाउने।

४.३.३ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सो अनुसार प्रबन्ध मिलाइने छ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ।
५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।
६. लैङ्गिकमैत्रीअपाङ्ग ,तामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने।
७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।

४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

कउपलब्धि (

१.विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने।

ख नतिजा (

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने ।
३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने ।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने ।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ।
६. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने ।

नतिजा

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा यस प्रकार छन् ।

नतिजा

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।

उदाहरणका लागि

	शिक्षामा समता र समावेशीकरण	आधार वर्ष (२०८१/८२)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या	३०१७	२८१८	२६१७	२४१७	२२१७	२०१७
२	आधारभूत तहमा लैङ्गिक समता सूचक	०.७९	०.७९	०.८०	०.८०	०.८०	०.८०
३	माध्यमिक तहमा लैङ्गिक समता सूचक	०.९३	०.९३	०.९४	०.९५	०.९६	०.९७
४	आधारभूत तहमा महिला शिक्षकको सङ्ख्या	२०२०	२०	२०	२०	२०	२०
५	माध्यमिक तहमा महिला शिक्षकको सङ्ख्या	०	०	०	०	०	०

४.३.४ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने ।

उदाहरणका लागि

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५		

१	शिक्षामा समता र समावेशीकरण अवस्था र आवश्यकता पहिचान	पटक			१			२	गाउँपालिका
२	विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण	संख्या	६	२	२	२	२	१४	संघ/ प्रदेश/ गाउँपालिका
३	विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सा.सि.के.
५	मातृभाषामा सिकाइको अवसर प्रदान गरिने।	संख्या	१७	१७	१७	१७	१७	१७	विद्यालय
६	वर्गीय आधारमा छात्रवृत्ति वितरण	संख्या	१७	१७	१७	१७	१७	१७	गाउँपालिका
७	मनोसामाजिक परामर्श	संख्या	१७	१७	१७	१७	१७	१७	विद्यालय
८	लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास	संख्या	१७	१७	१७	१७	१७	१७	संघ/ प्रदेश/ गाउँपालिका
९	गुनासो सुनुवाई समिति गठन र परिचालन	संख्या	१७	१७	१७	१७	१७	१७	गाउँपालिका संघ संस्था
१०	गुनासो सुनुवाई समिति को क्षमता विकास	पटक	१	१	१	१	१	१०	गाउँपालिका संघ संस्था
११	बालिका तथा समावेशी शिक्षा संजालको परिचालन	पटक	१	१	१	१	१	१०	गाउँपालिका संघ संस्था

४.४ दिवा खाजासहित पोषणतथा स्वास्थ्य कार्यक्रम

परिचय

नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७ / मा ७८ अरब पुगेको छ यो लगानी करिब ८ । दिवा खाजा कार्यक्रम को सुरुवात नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष आर्थिक वर्ष २०७७मा सामुदायिक ७८-का सबै विद्यार्थीलाई दिवाखा देखि कक्षा ५ विद्यालयमा पूर्वप्राथमिकजाको व्यवस्था गरिएको छ । नेपालको हाल कार्यान्वयनमा रहेको १६ औं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्त्वपूर्ण योगदान दिएको छ ।

विद्यालय स्वास्थ्य र पोषण

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि,

किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् ।

सरसफाइ तथा स्वच्छता

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घरकोठाको प्रबन्ध नै छैन भने / भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ । विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद,जोखिम तथा महामारी समावेश गरी थप सुधार गर्नु आवश्यक छ ।

४.४.१ वर्तमान अवस्था

नेपाल सरकारबाट विद्यलय दिवा खाजा कार्यक्रम लागू हुनु पुर्व स्थानीय तहको संरचना बने पश्चात यस पालिकाले प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म विद्यलय दिवा खाजा कार्यक्रम सञ्चालन गरेको छ । जसले गर्दा बालविकास शिक्षामा बालबालिकाको उल्लेखनिय सहभागिता भएको छ तथा समुदायको पनि सक्रिय सहभागिता रहेको थियो। आद ०७७/२०७६ .व.ेखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाका कक्षा ० ५- सञ्चालित विद्यालय मार्फत विद्यार्थीहरु लाभाम्वीत भएका छन् साथै पालिकाबाट विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएको छ।

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ -

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।
२. सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्ने।
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने।
४. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

४.४.२ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधारगर्नु।

४४..३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ -

१. शिक्षा ,स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटने गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिनेछ।

३. सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।

४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।

५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

४.४. ४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क उपलब्धि (

१ .विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।

ख प्रमुख नतिजाहरू (

१. विद्यालय दिवा खाजा कर्यविधि , अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने।

२. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन हुने।

३. सबै विद्यालयमा प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने।

४. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने।

५. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।

स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने। **नतिजा**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।

उदाहरणका लागि

क्रसं	सूचक	आधार वर्ष (२०८१/८२)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%)	सबै	सबै	सबै	सबै	सबै	सबै
२	कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%)	सबै	सबै	सबै	सबै	सबै	सबै
३	दिवा खाजा प्राप्त गर्ने कक्षा	१-५	१-५	१-५	१-५	१-५	१-५
४	वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको						

	सँख्या						
५	खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या	सबै	सबै	सबै	सबै	सबै	सबै
६	नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या						
७							

४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि

क्र. स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५		
१	विद्यालय दिवा खाजा कर्यविधि २०७७ अद्यावधिक र परिमार्जन	पटक		१				१	गाउँपालिका
२	स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा बितरण गर्ने विद्यालय	संख्या	१७	१७	१७	१७	१७	१७	गाउँपालिका विद्यालय
३	विद्यालयमा पोषण कर्नर निर्माण	संख्या	१७	१७	१७	१७	१७	१७	गाउँपालिका विद्यालय
४	विद्यालयहरूमा उपयुक्त भान्सा कोठाको व्यवस्थापन	संख्या	१७	१७	१७	१७	१७	१७	गाउँपालिका
५	अभिभावक आमा समूह	संख्या	१७	१७	१७	१७	१७	१७	विद्यालय
६	User Manual समेतको प्राथमिक उपचार बाकस	संख्या	१		२		२	५	गाउँपालिका
७	एक विद्यालय एक स्वास्थकर्मी	संख्या	१		२		२	५	संघ/ प्रदेश/ गाउँपालिका
८	स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा	कक्षा	७-८	७-८	७-८	७-८	७-८	७-८	विद्यालय
९	सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास	संख्या	१२		५		५	२२	संघ/ प्रदेश/ गाउँपालिका

४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

४.५.१ वर्तमान अवस्था

परिचय

नेपाल प्रकोप जोखिम भएको क्षेत्रमा पर्दछ। यँहा बाढी, पहिरो, हावा हुण्डरी, भुइचालो, शितलहर, महामारी आदि विपदको अबस्था आइरहन्छ। यस्तो अबस्थामा परिस्थितिजन्य शिक्षा दिनु आबश्यक छ । परिस्थितिजन्य शिक्षा भन्नाले युद्द, द्वन्द, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न

पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनुपर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आफ्नो नीति कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षामा समावेश गर्ने गरेका छन् । विशेषत २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिडलगायतका महामारीहरूका १९-शिक्षा प्राप्त प्रभावका कारण बालबालिकाको गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

मुख्य आपतकालीन अवस्थाहरू-

क) **प्राकृतिक प्रकोप:** भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि ।

ख) **महामारी:** झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरुवा रोगहरू ।

ग) **युद्ध, द्वन्द्व, विस्थापन**: आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने ।

४.५.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क तथा सुविधाविहीन र अपाङ्गता भएकाहरूका लागि उच्च शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारको रुपमा राखिएकोछ र यसको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन र अनिवार्य तथा निःशुल्क (२०७५) ले छात्रवृत्ति (२०७७) शिक्षा नियमावली, तथा सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

यस औरहीगाउँपालिकामा पनि विभिन्न समयमा विपद् तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद् तथा संकटको घडीमा पनि विचलित नभई सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रूपमा शिक्षा प्रदान गरिँदै आएको छ । जस्तै- कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखि नै विपद् जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ । सिकाई क्षेती अपुरण को लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना अहिले कार्यन्वयनमा आइसकेको छ।

परिस्थितिजन्य शिक्षाका चुनौतीहरू -

१. बिद्यालय संरचना तथा सम्भावित प्रकोप जोखिमको पुर्बसंभाब्यता अध्ययन नगरिनु ।
२. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन नगर्ने ।
३. बिद्यालय, परिवार, समाज प्रकोप र सोको जोखिमको विषयमा सावधानी नअपनाउनु ।
४. संकटको क्षेत्र पहिचान गरि आबस्यक योजना निर्माण नगर्नु
५. योजना निर्माणको प्रक्रिया र सबै बर्ग समुदायको सहभागिता नहुनु ।
६. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकासमा कमि हुनु ।
७. स्रोतको व्यवस्थापनक लागि विद्यालय तथा शिक्षा प्रणाली सक्रिय नहुनु ।
८. महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता नहुनु।

४.५.२ उद्देश्यहरू

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।
२. प्रकोप जोखिम सम्बन्धि सूचना तथा संञ्चार प्रविधिको विकास तथा प्रयोगमा जोड दिने ।

४.५.३ रणनीतिहरू

१. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ ।
२. स्थानीय सरकारले संकटको पहिचान मूल्याङ्कन का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन् ।
३. विद्यार्थी, शिक्षक, अभिभावकलाई प्रकोप रोकथाम, र पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ ।
४. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवाला लाई जिम्मेवार बनाइनेछ ।
५. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ ।

४.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिहरु

१. हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुनेछ ।

२. बिपत तथा प्रकोपको पूर्व तयारीमा जोड दिएनेछ ।

नतिजा

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।

उदाहरणका लागि

क्र.स.	सूचक	आधार वर्ष (२०८१/८२)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	बालबालिकालाई आधारभूत जीवन-सिप सहित महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमखुीकरण कार्यक्रम सञ्चालन गर्नेविद्यालय सङ्ख्या	७	७	७	७	७	७
२	हरित विद्यालय सङ्ख्या	४	४	४	४	४	४
३	जलवायुपरिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या	७	७	७	७	७	७

४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने ।

उदाहरणका लागि

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष	कैफियत
			१	२	३	४	५		
१	सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना	आवश्यकतानुसार	१७	१७	१७	१७	१७	१७	संघ/ प्रदेश/ गाउँपालिका
२	सिकाइ अपुरण तथा द्रुत सिकाइ योजना बारे शिक्षकको क्षमता विकास	संख्या	१७	१७	१७	१७	१७	१७	संघ गाउँपालिका
	सिकाइ अपुरण तथा द्रुत सिकाइ योजना बारे शिक्षकको	संख्या	१७	१७	१७	१७	१७	१७	संघ गाउँपालिका
३	मापदण्ड अनुसारको भौतिक पूर्वाधार	निरन्तर	१७	१७	१७	१७	१७	१७	संघ/ प्रदेश/ गाउँपालिका
४	समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार	प्रतिशत	१७	१७	१७	१७	१७	१७	गाउँपालिका
५	विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास	संख्या	१७	१७	१७	१७	१७	१७	गाउँपालिका
६	User manual सहितको प्राथमिक	संख्या	१७	१७	१७	१७	१७	१७	गाउँपालिका

	उपचार बाकस								

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

परिचय

शिक्षा नियमावली, २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०वर्ग मिटर र उच्च ७५. आधारभूत तह तथा माध्यमिक तहलागि प्रति विद्यार्थी १बराबरको क्षेत्रफल तोकिएको छ वर्गमिटर ००. । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

४.६.१ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय २७ मध्ये १७ सामुदायिक ५ ,धार्मिक र ५ वटा सस्थागत विद्यालय छन्। सामुदायिक विद्यालय तर्फ पक्की भवन १७ , कच्ची भवन ५९ , पक्की कक्षाकोठा १९० , Multimedia सुविधा सहितको कक्षाकोठा ४ वटा र Smart Board सहितको कक्षाकोठा ४ वटा रहेका RCC पक्की भवन छन् बाँकी साममुदायिक विद्यालयमा 154 वटा कक्षा कोठा जास्ता ट्रष्ट पक्की छन् यसरी हेर्दा विद्यालयमा RCC पक्की संरचना कम देखिन्छ।सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु 59 छात्र शौचालय ,51 तथा महिला शिक्षक शौचालय 25 वटा छन्। खानेपानीको आफ्नै श्रोत भएका विद्यालय 4 बाहिरी श्रोत भएका विद्यालय ,56 र अन्य कुनै श्रोत नभएका विद्यालय ४ वटा छन्। विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थनीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखिनै विषयवस्तु समावेश गरिएकोछ। पालिका भरमा ११ वटा विद्यालयमा पुस्तकालय8 , वटा विद्यालयमा विज्ञान प्रयोगशाला ,२० विद्यालयमा कम्प्युटर प्रयोगशाला र 59 वटा विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा

25 विद्यालयमा स्टाफ कोठाविद्यालयमा स्टोर कोठा १८ ,, 5 विद्यालयमा खेलकुद कोठा साथै 7 विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन्। यस पालिकामा 12 वटा विद्यालयमा ४ कोठे पक्की भवन निर्माण र निर्माणधीन अवस्थामा छन्। अधिकांस विद्यालयमा बाउण्ड्रीवालको घेराबार भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण हुने क्रममा रहेका छन्।

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन्-

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।
२. पूर्वाधार विकासलाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।
३. शुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।
४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु।
५. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

४.६.२ उद्देश्य

१. शुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।
२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउने।

४.६.३ रणनीतिहरू

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ।
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजाघर लगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीनेछ।
६. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ।
७. आंशिक रुपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गरिनेछ।

४.६.४ उपलब्धिनतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ,

कउपलब्धि (

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

खनतिजा (

१. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने।
२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने।
४. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।
५. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने।
६. विद्यालयमा अपाङ्गमैत्रीबालमैत्री तथा ल ,ैङ्गिकमैत्री भौतिक पूर्वाधार हुने।
७. सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने।

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।

उदाहरणका लागि

क्रसं	सूचक	आधार वर्ष (२०८१/८२)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	भूकम्प प्रतिरोधी विद्यालय	१७	१७	१७	१७	१७	१७
२	नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या	२२	१६	१०	१०	१०	२२
३	सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या		२	२	२	२	
४	नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या		२	२	२	२	
५	बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सँख्या	२	२	२	२	२	२
६	विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको संख्या	२	२	२	२	२	२
७							

४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने ।

उदाहरणका लागि

क्र. स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५		
१	पूर्वाधार विकासका लागि मापदण्ड	पटक		१				२	गाउँपालिका

२	पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार	पटक		१					गाउँपालिका
३	अपाङ्गमैत्री ,बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार निर्माण	संख्या	२	२	२	२	२		गाउँपालिका
४	पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी	निरन्तर	२	२	२	२	२		संघ/ प्रदेश/ गाउँपालिका
५	विद्यालयको मर्मत सम्भार	निरन्तर	२	२	२	२	२		संघ/ प्रदेश/ गाउँपालिका
६	प्रकोपको सिकार भएका विद्यालय भवन	आवश्यक	२	२	२	२	२		गाउँपालिका
७	छात्रा-छात्रका लागि वास सहित को शौचालय तथा खानेपानी पानी र सरसफाइको प्रबन्ध	विद्यालय सङ्ख्या	२	२	२	२	२		गाउँपालिका
८	विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने	विद्यालय सङ्ख्या	२	२	२	२	२		गाउँपालिका

४.७ सूचना तथा सञ्चार प्रविधि विद्यालयमा

परिचय

२१ औ शताब्दीको युगलाई सूचना र प्रविधिको युग भनिन्छ। अहिले सुचना प्रबिधि बेगर संसारको कल्पना गर्न सकिदैन । सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ । विश्वका शक्तिशाली राष्ट्रहरू विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी सुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजार सामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन् ।

नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको १८/०२/ सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिडप्रकारको वा यस्तै १९- विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ । यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको होला ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ लक्ष्य रहेको छ । सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको

साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ ।

४.७.१ वर्तमान अवस्था

यस औरहीगाउँपालिकाले शिक्षालाई सूचना प्रबिधिसंग जोड्ने प्रयास गरिरहेकोछ गोलबजारका ३५ वटा सामुदायिक विद्यालयमा विद्युतको पहुँच छन् भने विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा क्रमश सबै बिद्यालयमा पुर्याएकोछ। हाल मल्टिमिडिया समेतको सुविधा भएका ६ बिद्यालय छन् भने स्मार्ट वोर्ड भएको १ विद्यालय छ। २ वटा विद्यालयमा विद्युत्तीय पुस्तकालय रहेको छ।

कोरोना भाइरसको संक्रमणको समयमा यस पालिकामा Online मार्फत वैकल्पिक शिक्षाको शुरुवात भएको थियो । सङ्घ सरकार र स्थानीय सरकारबाट सोका लागि आर्थिक तथा प्राविधिक सहयोग भएको थियो । यस पालिकामा ५ वटा विद्यालयका १२ जना शिक्षक कर्मचारीले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरेका छन् भने अन्य शिक्षकहरुमा पनि क्रमश प्रविधिको पहुँच विस्तार भएकोछ । यस गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तालिम हरेक बिद्यालयका शिक्षख्रुलाई दिईसकेकोछ । अहिले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई अनिबार्य गरेकोले सबै विद्यालयले यसैमा सम्पूर्ण बिबरण राख्रे गरेकोछ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिका चुनौतीहरू -

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास नहुनु।
२. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार नहुनु।
३. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास नहुनु।
४. विस्तार गरिएका ई-पुस्तकालयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु।
५. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियाता बढाउन नसक्नु।
६. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित नहुनु ।
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक सबैलाई सहज नहुनु।

४.७.२ उद्देश्यहरू

१. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
२. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
३. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।

४.७.३ रणनीतिहरू

१. शिक्षकहरूको क्षमता विकास गरी स्वयम् सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ ।

२. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने ।
३. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
४. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरिनेछ ।
५. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ ।
६. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रूपमा अद्यावधिक गरिनेछ ।
८. विद्युत्तीय पुस्तकालय लाई वार्षिक रूपमा अद्यावधिक गरिनेछ ।
९. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ ।
१०. सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ ।

४.७.४ नतिजा, क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिहरु

१. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री बातावरण निर्माण भई विद्यालयन शिक्षाको व्यवस्थापनमा सुधार ल्याई सुशासन प्रबर्द्धन गर्ने ।

२. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गरी शिपयुक्त जनशक्ति निर्माण गर्ने ।

नतिजा

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।
उदाहरणका लागि

क्र.स.	सूचक	आधार वर्ष (२०८०/८१)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या	**१७**	**१७**	**१७**	**१७**	**१७**	**१७**
२	शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटरलगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या	१		१		१	३
३	मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या	२	२	२	१	१	८
४	व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नेविद्यालय सङ्ख्या	२	२	२	२	२	
५	विद्तको पहुच पुगेको विद्यालय सङ्ख्या	**१७**	**१७**	**१७**	**१७**	**१७**	**१७**

४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१०वर्ष)	कैफियत
			१	२	३	४	५		
१	प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार	संख्या	सबै	५	५	५	५	१७	संघ/ प्रदेश/ गाउँपालिका
२	पूर्णकालीन ICT शिक्षक व्यवस्थापन ,डिजिटल ल्याव स्थापना	संख्या	५	५	५	५	५	१७	प्र / . स्थानीय
३	कक्षाकोठामा प्रविधिको प्रयोग	संख्या	५	५	५	५	५	१७	विद्यालय
४	ई-पुस्तकालय आद्यावधिक र विस्तार	संख्या	२	२	४	५	४	१७	गाउँपालिका
५	विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुच	संख्या		४		३		७	संघ/ प्रदेश/ गाउँपालिका
६	तथ्याङ्क पद्धति पूर्ण पेपर लेस	संख्या		४		३		७	गाउँपालिका
७	फ्रि वाई-फाई चौतारी	संख्या	१७	१७	१७	१७	१७	१७	गाउँपालिका
८	शिक्षकहरूको क्षमता विकास	पटक	१			१		२	गाउँपालिका
९	सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग	निरन्तर	२			१		३	गाउँपालिका
१०	सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन	संख्या	५	५	५	५	५	१७	गाउँपालिका

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

परिचय

विद्यालय क्षेत्रको योजनामा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ ।

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा रहेकोमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ । शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ ।

सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । त्यसै गरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रबर्द्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ । यस परिच्छेदमा सुशासन प्रबर्द्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि

प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

परिचय

संघीय सरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रबर्द्धन गर्नु आवश्यक देखिएको छ । त्यसैले बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुनेछ ।

यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार, प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रबर्द्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ ।

यस खण्डमा सुशासन प्रबर्द्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रबर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

६.१.१. वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ । पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा

आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरू कार्यान्वयनमा रहेका छन् । त्यसैगरी हरेक बिद्यालयहरुमा बिद्यालय ब्यबस्थापन समिति र अभिभाबक शिक्षक संघ गठन गरी बिद्यालय संचालन गर्ने प्राबधान रहेको छ ।

समस्या र चुनौतिहरु

१. अभिभाबक शिक्षक संघ गठन नहुनु ।
२. बिद्यालय सुधार योजना कागजमा मात्रै सिमित हुनु ।
३. बिद्यालय ब्यबस्थापन समिती निर्माणमा राजनैतिक हुनु ।
४. समयमा सामाजिक तथा लेख परिक्षण नहुनु ।
५. गुनासो सुन्सुवई संयन्त्र नहुनु भए पनि सहि प्रिचना नहुनु ।
६. अनुगमन तथा मुल्यांकन फितलो हुनु ।
७. समुदायको सहभागितालाई उपेक्षा गर्नु ।

६.१.२ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन्:

१. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने ।
२. अभिवृद्धि विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने ।
३. सुशासन व्यवस्था गर्ने समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा ।
४. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

६.१.३ रणनीतिहरू

१ विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने ।

२ विद्यालय शिक्षा.क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने।

३समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी . व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने

४दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका विद्यालयका . साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने।

६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।

प्रमुख नतिजा

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।

उदाहरणका लागि

क्र.स.	सूचक	आधार वर्ष (२०८१/८२)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
१	विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या		३	३	३		
२	अभिभाबक शिक्षक संघ भएका विद्यालय सङ्ख्या	५	५	५	१०	५	५
३	बिद्यालय सुधार योजना निर्माण र कार्यान्वन गर्ने बिद्यालय सङ्ख्या	१७	१७	१७	१७	१७	१७
४	माध्यमिक विद्यालयमा नेततूव तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या	१७	१७	१७	१७	१७	१७
५	आधारभूत तहको विद्यालयमा नेततूवविकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या	१७	१७	१७	१७	१७	१७
६	लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्नेविद्यालय सङ्ख्या	१७	१७	१७	१७	१७	१७
७	प्रचलित कानुनमा व्यवस्था	१७	१७	१७	१७	१७	१७

	भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या						

प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि

क्र. स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५		
१	विद्यालय व्यवस्थापन समिति गठन	संख्या	५	५	५			१५	गाउँपालिका
२	अभिभावक शिक्षक संघ गठन	संख्या	५	१०	५	१०	५	३५	गाउँपालिका
३	बिद्यालय सुधार योजना निर्माण तथा अपडेट	संख्या	३५	३५	३५	३५	३५	३५	बिद्यालय
४	आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास	संख्या	२	६	५	५	५	३५	स्थानीय तह
५	शिक्षा तालिम केन्द्रको स्थापना	संख्या		१				१	स्थानीय तह
६	सूचना प्रणाली सुधार तथा सुदृढीकरण	पद्धति	४	५	३	७	१०	१७	स्थानीय तह
७	प्र.अ.लाई कार्यसम्पादन करार गरी जिम्मेवार वनाउने	संख्या	४	५	५	५	५	१७	स्थानीय तह
८	शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने	पद्धति	१	३	४	३	३	१७	स्थानीय तह
९	अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास	संख्या	१	२	१	२	२	१३	स्थानीय तह
१०	विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत् तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास	संयन्त्र	६	४	५	६	६	१७	स्थानीय तह र विद्यालय
११	शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने	संरचना	४	६	५	५	५	१७	स्थानीय तह
१२	बिद्यालय कार्यसम्पादन एबम स्वमुल्यांकनगर्ने गराउने	पटक	१	१	१	१	१	१०	स्थानीय तह

५२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

परिचय

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ । त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा दिगोपन, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ । कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ ।

योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरूले योजना कार्यान्वयनको प्रबन्धमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । यसै गरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्त्वहरूले प्रभाव पार्दछन् । शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ । योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ । योजनाबाट अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ । योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम, कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन्

६.२.१ वर्तमान अवस्था

नेपाल संघीय संरचनाको ढाँचामा रूपान्तरण भएकोले बिद्यालय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध गर्न कानूनी व्यवस्था गरिएकोछ । संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ । स्थानीय तहमा शिक्षा महाशाखा शाखा रहेका छन्। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रूपान्तरण गर्नुपर्ने हुन्छ । विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन् -

१. स्थानीय शिक्षक सहायता पद्धति विकास नहुनु ।
२. शिक्षकलाई तालिम तथा क्षमता बिकासमा पहल नहुनु ।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन ब्यबस्थित् नहुनु ।
४. समयसापेक्ष दरवन्दी मिलन तथा पुनरावलोकन नहुनु ।
५. वि्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट नहुनु ।
६. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण नगरिनी ।
७. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ नहुनु ।

योजना कार्यान्वयनको प्रबन्ध

बिद्यालय शिक्षा योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरूमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकारी गर्नु पर्दछ । स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ ।

स्थानीय तह

१. औरहीगाउँपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने ।
२. औरहीगाउँपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
३. औरहीगाउँपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार औरहीगाउँपालिकले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।

४. औरही गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने ।
५. औरहीगाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने ।

विद्यालय

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने ।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने ।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने ।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने ।
५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन समबन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने ।
७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने ।

समुदायिक सिकाइ केन्द्र

1. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने ।
2. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।
3. सा.सि.के. ले विषयगत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

६.२.२ उद्देश्य

योजना प्रभाबकारी कार्यान्वनका लागि औरहीगाउँपालिकाले निम्न उद्देश्य लिएको छ :

१ बिद्यालय शिक्षा योजनाको प्रभाबकारी कार्यन्वयन सुनिश्चित गर्नु ।

६.२.३ रणनीति

माथीका उद्देश्य हासिल गर्न स्थानिय तहले निम्न रणनितिहरु लिनेछन ।

१. संघिय तथा प्रदेश तहवाट वित्तिय हस्तान्तरण मार्फत ससर्त अनुदान तथा अन्य अनुदान र आफनै श्रोतको बजेट समेत संकलन गरी वार्षिक शिक्षाको बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागी आवश्यक्ता अनुसार कानुन , कार्यविधि तथा निर्देशिका तयार गर्ने ।

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चिताका साथै समस्या समाधानका लागी आवश्यक निति, निर्देशन तथा समन्वय गर्ने ।

४. एकिकृत शैक्षिक सुचना व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वय तथा त्यसका लागी नतिजाको विवरण तयार गर्ने , त्यसको समिक्षा गरि थप सुधार तथा प्रयोग गर्ने ।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।

६. विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने ।

७. विद्यालय व्यावस्थापनलाई सशक्तिकृत गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरि उत्तरदारी वनाउने ।

८. वित्तिय व्यवस्थापन, खरिद प्रकृया, शिक्षक व्यवस्थापन तथा शिक्षक कक्षा कोठामा समय तथा कार्य सुनिश्चितता सम्बन्धि आवश्यक मापदण्ड तयार गरी लागु गर्ने

९.अभिभावक तथा सरोकारवालासँग अन्तरकृया तथा सहकार्य गर्न अभिभावक भेला, तथा बैठक आयोजना गर्ने र सामाजिक परिक्षणलाई प्रभावकारी बनाउने ।

१०. सामुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समुहका सिकारुका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्फिक शिक्षा तथा आय आर्जन शिप विकासका कार्यक्रम संचालन गर्दै आजिवन सिकाई केन्द्रका रुपमा समेत कार्य गर्ने ।

६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिशिताता भएको हुनेछ ।

ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा यस प्रकार छ :

१. शिक्षाका सबैनिकाय तथा विद्यालयमा सशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

क्र.सं.	प्रमुख क्रियाकलाप	इकाई	भौतिक लक्ष्य ५ बर्ष					भौतिक लक्ष्य १० बर्ष	कैफियत
			२०८१	२०८२	२०८३	२०८४	२०८५		
१	वार्षिक बजेट तथा कार्यक्रम निर्माण	पटक	१	१	१	१	१	१०	गाउँपालिका
२	विद्यालय सधुार योजना निर्माण एवम् अद्यावधिक	पटक	१७	१७	१७	१७	१७	१७	बिद्यालय
३	एकीकृत शैक्षिक सूचना प्रणाली सदृढीकरण	पटक	१७	१७	१७	१७	१७	१७	बिद्यालय

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

परिचय

देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ । राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो।

शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्त्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

७.१ वर्तमान अवस्था

नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ । तर अथार्थमा यो उल्टो देखिन्छ । वास्तबमा अहिले शिक्षा क्षेत्रको लगानी घट्दो क्रममा देखिन्छ । संघीय स्तरमा शिक्षकको तलब, दिब खाजा र पी.सि.एफ. बाहेक शसर्त अनुदान मा केहि सहयोग पठाएको देखिन्छ जुन प्रयाप्त छैन । प्रधेश सरकार शिक्षा प्रति अझ उदासिन्छ । बिद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार मानेर शिक्षामा बिनियोजन हुने बजेटमा क्रमिक न्यूनता भइरहेकोछ । स्थानीय तह पनि शिक्षा भन्दा भौतिक पूर्वाधारमा लगानी गर्न बढी इच्छुक देखिन्छ । अहिले शिक्षा सबैतिरबाट उपेक्षामा परेको छ ।

औरहीगाउँपालिको आ.व. २०८१/०८२ को कूल बजेट ६३,००,००,००० मध्ये रु १५००,००,००० । २३.०८% प्रतिशत) शिक्षा क्षेत्रमा नेपाल सरकारको रु १४,३०,००,००० र स्थानीय सरकारको रु ७०,००,००० रकम रहेको थियो । शिक्षामा लगानी बढाउनुपर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ ।

लगानी तथा स्रोत ब्यबस्थापन चुनौतीहरू -

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दीगो स्रोत व्यवस्थापन नहुनु ।

२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार नहुनु ।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास नहुनु ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित नहुनु ।

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दीगोपना सुनिश्चित नहुनु ।

६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था नहुनु ।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण नहुनु ।

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन नहुनु ।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त नहुनु ।

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन नगर्नु ।

११. वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास नहुनु ।

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम नहुनु ।

७.२ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् -

१. यो विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

२. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

३. जना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

४. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

७.३ रणनितिहरु

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन् -

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बीचको लागत साझेदारीमा हुनेछ। यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिनेछ ।

१. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्नेछ।

२. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।

३. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ ।

२. नेपालको वैदेशिक सहायता नीतिअनुरूप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ ।

३. उपागम को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ ।

४. सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ ।

५. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।

६. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, सशर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ ।

७. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ ।

८. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ ।

७.४ प्रमुख उपलब्धि

उपलब्धि योजनाको कार्यान्वयनबाट हासिल हुने मु ख्य उपलब्धि तथा नतिजा बु दागतरूपमा उल्लेख गर्ने।

१. शैक्षिक पहुच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सदृढ भएको हुनेछ।

६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

क। सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

क) सङ्घीय सरकारबाट, प्रदेश सरकार, स्थानीय तह र अन्य संघ संस्थाबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

क्र.सं.	अनुदान प्राप्त हुने उपक्षेत्र बिषय	आर्थिक बर्ष					५ बर्षको जम्मा	१० बर्षको जम्मा	सङ्घीय सरकारबाट	प्रदेश सरकार	स्थानीय तह	अन्य संघ संस्था
		१बर्ष	२बर्ष	३बर्ष	४वर्षा	५वर्षा						
१	वालविकास र शिक्षा	३२	३४	३५	३७	३९	१७७	३५४				
२	आधारभूत शिक्षा	३८	४०	४२	४४	४६	२१०	४२०				
३	माध्यमिक शिक्षा	२०	२१	२२	२३	२४	१११	२२१				
४	प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम	५	५	६	६	६	२८	५५				
५	अनौपचारिक शिक्षा र आजीवन सिकाई	६	६	७	७	७	३३	६६				
६	पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याँकन	६	६	७	७	७	३३	६६				
७	शिक्षक व्यवस्थापन र विकास	२०	२१	२२	२३	२४	१११	२२१				
८	शिक्षामा समता र मावेशीकरण	१०	११	११	१२	१२	५५	१११				
९	विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम	१०	११	११	१२	१२	५५	१११				
१०	विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता	१०	११	११	१२	१२	५५	१११				
११	विद्यालय भौतिक पूर्वाधार विकास	१००	१०५	११०	११६	१२२	५५३	११०५				
१२	विद्यालयमा सुचना तथा सञ्चार प्रविधि	५	५	६	६	६	२८	५५				
१३	उच्च शिक्षा	२०	२१	२२	२३	२४	१११	२२१				
१४	शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास	५	५	६	६	६	२८	५५				
१५	स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध	४	४	४	५	५	२२	४४				
१६	अनुगमनतथामूल्याङ्कन	५	५	६	६	६	२८	५५				
१७	शिक्षामा सूचना र प्रविधि	५	५	६	६	६	२८	५५				

अनुमान पहिलो पाँच वर्षमा लागि जम्मा ।। लाख र १० वर्षमा लागि जम्मा।। नेपाली रुपैया आवश्यक देखिन्छ जसमा शिक्षक, कर्मचारी तथा सहजकर्ताको कुनैपनि पारिश्रमिक जोडिएको छैन।

तालिका ६.५ योजनाका लागि अपुग स्रोतका लागि अपेक्षीत सहायताको अनुमान

क.सं.	अनुमानित विकासका साझेदारहरु	सहयोग अनुमान (लाखमा)	कैफियत

१	संघ ३० प्रतिशत	२२५.६८	
२	प्रदेश २० प्रतिशत	१५०.४६	
३	जिल्ला समन्वय समिति ७ प्रतिशत	५२.६५	
४	कल्याणकारी संस्था ८ प्रतिशत	६०.१८	
५	गैरसरकारी संस्था २५ प्रतिशत	१८८.०७	
६	दाता ७ प्रतिशत	५२.६५	
७	अन्य ३ प्रतिशत	२२.५९	

७.६ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

यस औरहीगाउँपालिकाले योजना कार्यान्वयन गर्न वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिक रूपमा सङ्घ, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिक रूपमा स्रोत सनिश्चितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरि कार्यान्वन गरिदै लानेछ । त्यसका लागि योजना, रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने तथा स्रोत सनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई समावेश गरिदै लगिनेछ । योजना निर्माणका लागि पाचँ वर्षे बजेट सहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रित भई वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन तथा रणनीति तयार गरिने छ । वार्षिक रणनीति योजना निर्माण गर्दा योजनाको ढाचालाई आधार मानी तयार गरिने छ ।

परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

परिचय

बिद्यालय शिक्षा योजनाको प्रभाबकारी कार्यान्वनकोलागि अनुगमन र मुल्यांकनको महत्वपुर्ण भूमिका हुन्नेछ । अनुगमन भन्नाले शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

८.१ वर्तमान अवस्था

संरचनागत प्राबधान अनुसार शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचक, गोलबजार गाउँपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ । वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ।

विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलन गरि मुल्यांकन गर्ने गरिएको छ ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ ।

योजनामा अनुगमन तथा मूल्याङ्कनक मुख्य चुनौतीहरू-

१. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास नहुनु ।
२. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरी मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमनकर्ताको विकास नहुनु।
३. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता नदिनु ।
४. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध नहुनु ।
५. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित नहुनु ।
६. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित नहुनु ।
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु नसक्नु ।

८.२ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु ।
२. योजनाको प्रारम्भ देखि प्रभावतहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु ।
३. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु ।
४. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

८.३ रणनीति

१. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरूको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने ।
२. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने ।
३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने ।
४. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने ।
५. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने ।
६. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने ।
७. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरिने ।
८. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने ।
९. शैक्षिक योजना तथा कार्यान्वयनहरूको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने ।

८.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

क) उपलब्धि

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरू सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।

प्रमुख नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा अनुगमन तथा मूल्याङ्कनका लागि पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)					भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५		
१	नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार गर्ने	पटक		१				१	गाउँपालिका
२	अनुगमन तथा मुल्यांकन संयन्त्रको निर्माण	पटक	१						गाउँपालिका
३	नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू अध्यावधिक गर्ने	पटक		१	१	१	१	१३	गाउँपालिका
४	कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने	पटक	३	४	५	५	५	५०	गाउँपालिका,प्रदेश र संघ विद्यालयमा
	कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन (चौमासिक /वार्षिक)	पटक	४	४	४	४	४	४	गाउँपालिका र विद्यालय
५	एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने	पटक	२	२	२	२	२	२०	विद्यालय
६	विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने	पटक	०	२	२	२	२	१२	गाउँपालिका
७	विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने	पटक	०	३	३	३	३	२४	गाउँपालिका
८	विद्यालयको लेखा परीक्षण	पटक	१	१	१	१	१	१०	गाउँपालिका र विद्यालय

अनुसूची १

स्थानीय शिक्षा योजनाको ढांचा

हाम्रो भनाई

योजनाको सारांश

१. विषय प्रवेश

२. शिक्षा योजना निर्माणको आवश्यक्ता र औचित्य

३. स्थानिय तहमा शिक्षा योजना निर्माणको औचित्य

४. शिक्षा योजना निर्माणको आधार

५. शिक्षा योजना निर्माण प्रकृया

६. योजनाको लेखाजोखा

७. योजनाको दस्तावेजको स्वरुप

परिच्छेद १ : परिचय

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

१.३ शिक्षा क्षेत्रका चुनौतीको क्ध्इत् विश्लेषण

१.४ अवसरहरु

परिच्छे २ : दूरदृष्टी, उद्धेश्य, रणनिति तथा लक्ष्य निर्धारण

२.१ स्थानिय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधारहरु

२.२ दूरदृष्टि

२.३ लक्ष्य

२.४ उद्धेश्य

२.५ रणनिति

२.६ कार्यनिति

२.७ उपेक्षित उपलब्धी

२.८ मुख्य कार्य सम्पादन सुचक र लक्ष्य निर्धारण

परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभुत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाई

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याँकन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ शिक्षामा समता र समावेशीकरण

४.४ विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम

४.५ विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ विद्यालयमा सुचना तथा सञ्चार प्रविधि

परिच्छेद ५ अन्य उपक्षेत्र

५-१ उच्च शिक्षा

परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

६.२ स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

परिच्छेद ७ लगानी र श्रोत व्यवस्थापन

परिच्छेद ८ : अनुगमण तथा व्यवस्थापन

अनुसुची २

बिधालय शिक्षाको बिधमान समया, तिनको कारण र असर

क्र.सं.	बिबरण	विस्तृतकरण
१.	मुख्य समस्या	• प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु। • नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु। • बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु। • इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउनु। • भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु। • प्रकोप तथा जोखिम को समयमा सिकाई निरन्तरतामा कठिनाई हुनु । • आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रूपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु। • व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।

		• व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु। • सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।
२	कारण	
३.	असर	• विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने। • स्थानीय पाठयक्रम तथा पाठ्यपुस्तकको ब्यबस्थानमा स्थनीय निकाय अग्रसर रहेको। • सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकारात्मक जनमत रहेको। • विकासको लक्ष्य प्रप्तिकालागि द्वीपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको। • शैक्षिक अभियन्ताहरूको अग्रसरता रहेको। • सुचना तथा संचार प्रविधिको बिस्तारको लागि स्थानीय निकाय सकारात्मक रहेको। • शिक्षकको ब्यबस्थापन तथा बिषयगत शिक्षक ब्यबस्थापनमा स्थानीय तहको अग्रसरता रहेको। • शिक्षामा स्थानीय सरकारको राजनीतिक रूपमा सहभागी देखिएको।

अनुसूची ३

शिक्षा क्षेत्रका सबल पक्ष, कमजोरी, अबसर, चुनौती (SWOT) विश्लेषण

शिक्षा क्षेत्रका सबल पक्षहरु	**शिक्षा क्षेत्रका सुधार गर्ने पक्षहरु**
औरहीगाउँपालिकोशिक्षा क्षेत्रका सबल पक्षहरु यस प्रकार रहेका छन् : १. यस गाउँपालिकामा सबै वडाहरुमा बिधालय रहेकाछन। २. शिक्षकहरुको सहभागिता र सक्रियता राम्रो छ। ३. प्राय सबै बिधालय मा बलविकास केन्द्र रहेको छ। ४. प्राबिधिक धारका बिधालयहरु सन्चालनमा रहेकाछन । ५. दक्ष शिक्षकहरुको उपलब्धता तथा स्थनीयद्वारा शिक्षक क्षेमता बिकासका लागि विभिन्न तालिम संचालन। ६. दिवा खाजा जसलेगर्दा बालबालिकाहरुकोस स्वास्थ्य तथा बिध्यलायामा उपस्थिति बृधि। ७. शैक्षिक कयालेंदर निर्माण तथा सोहि अनुशर शैक्षिक क्रियाकलाप संचालन। ८. धेरैजसो बाल विकास केन्द्रहरुमा शैक्षिक सामग्रीहरुको उपलब्धता रहेकोछ।	१. बिधालयमा बालबालिकाको निरन्तरता र टिकाउको लागि बिधालय ब्यबस्थापनलाई सक्रिय बनाउन र स्थानीय तहबाट निरन्तर अनुगनमा जोड । २. बिधालयमा खाजा ब्यबस्थापन भएपनि त्यसको गुणस्तर र स्थानीय परिबेस अनुसार बनाउन र अनुगणमा गर्नु पर्ने । ३. स्थानीय तहको साक्षरता दरमा बृधि गर्न यस पालिका ले ध्यान केन्द्रित गर्नु पर्ने । ४. प्रारम्भिक कक्षाको सिकाई उपलब्धिलाई बढाउन पहल गर्नु पर्ने। ५. स्थानीय तहले सिक्षा क्षेत्रको बजेट बढाउन जोड दिनु पर्ने। ६. बहुभाषिक कक्षामा संचालमा जोड दिनुपर्ने। ७. स्थानीय पत्यक्रम ल्पुरना रुपमा संचालनमा ल्याउनु पर्ने । ८. अभिभाबकहरुको बिद्यालय क्रियाकलापमा सहभागिता मा जोड । ९. अपन्गमैत्री तथा लैगिक मैत्यी भैतिक पूर्वाधारमा

९. औरहीगाउँपालिकोकुल साक्षरता दर ६७.५ प्रतिशत रहेको छ।	जोड। १०.बालमैत्री तथा भयरहित वातावरण र गुणस्तरीय सिकाई तथा अतिरिक्त क्रियाकलापमा जोड। ११. प्रकोप तथा जोखिम को समयमा सिकाई निरन्तरतामा जोड।
शिक्षा क्षेत्रका अबसरहरु १. संबैधानिक प्राबधान अनुसार यस गाउँपालिकाले शिक्षाको विकास गर्न तत्पर रहेको। २. पालिकाले शिक्षा सम्बन्धि नितिगत ब्यबस्था गर्न प्रयासरत रहेको । ३. यस पालिकाले शिक्षा सम्बन्धि बजेट बिनियोजन गर्न शुरुवात गरेको। ४. यो नगरपालि भित्र शिक्षा क्षेत्रको विकास गर्न सहज रहेको। ५. भौगोलिक रुपमा सुगमताका साथै प्रत्येक वडामा बिद्यालय संचालन रहेको । ६. यस पालिकामा उच्च शिक्षा संचालनमा रहेको। ७. यस गाउँपालिकामा शिक्षा क्षेत्रमा बिभिन्न संघ सस्थाहरु कार्यरत रहेको।	**शिक्षाक्षेत्रको प्रमुख चुनौतिहरु** औरहीगाउँपालिकोसमग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन्- १. प्रारम्भिक बालविकास केन्द्रकक्षाको समायोजन तथा / पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालननहुनु। २. नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण नभएको। ३. बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माणमा सुधारको आवश्यक छ। ४. इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा भए पनि समुचित प्रयोग नहुनु। ५. भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण आबश्यक रहनु। ६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु। ७. व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु पर्ने। ८. व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु पर्ने । ९. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु। १०.शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको प्रयाप्ता साथै दरवन्दी मिलान गरेर शिक्षक र प्रधनाध्यापकको व्यवस्थापन गर्नु पर्ने। ११.बिद्यालय ब्यबस्थापन तथा शिक्षक अभिभाबक संघ गठनमा बाह्यहस्तक्षेप हुनु। १२.सामुदायिक बिद्यालय प्रति अभिभाबकहरुको सक्रियता न्यून हुनु। १३. प्रतिबिधार्थी खाजाको दर न्यून हुनु र दिवाखाजा

	कम्तिमा आधारभूत तह सम्म ब्यवस्थापन गर्नुपर्ने ।

अनुसूची ४

शिक्षासंग सम्बन्धित ऐन, नियम, निर्देशिका लगायतका नीतिगत दस्तावेजहरुको सुची

अनुसूचीहरु : महत्वपूर्ण लिंकहरु

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय	http://www.moe.gov.np
शिक्षा तथा मानव श्रोत विकास केन्द्र	https://www.doe.gov.np
पाठ्यक्रम विकास केन्द्र	https://www.moecdc.gov.np
विद्यालय शिक्षक किताबखाना	http://www.stro.gov.np/ne
परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर	http://www.neb.gov.np
शिक्षा विकास तथा समन्वय इकाइ, सिरहा	http://www.deosiraha.gov.np
औरही गाउँपालिका	https:// www.aurahimun.gov.np
औरही गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा इमेल my328844@gmail.com	

सन्दर्भ सामग्रीहरु

- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप,)२०६३(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप,)२०७१(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप,)२०७६(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन,)२०७६(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम,)२०६९(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह) कक्षा १-३ (पाठ्यक्रम,)२०७६(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका) २०७५(, शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका) २०७६(, शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका) २०७७(, शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान) २०७२(, कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति) २०७६(, कानून किताव खाना काठमाडौँ
- आर्थिक सर्वेक्षण) २०७७(, अर्थ मन्त्रालय
- पन्धौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन) २०७४(, कानून किताव खाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम) २०७४(, शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम) २०७१(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना) २०७७ ,(DRAFT, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय